# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६५

# Overview of Weekly Media Study Vol. 65


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


PDF पढ्नका लागि QR Scan गर्नुहोस

मिति : २०८३ वैशाख ०६, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल चैत्र ३० गतेदेखि २०८३ वैशाख ६ गतेसम्म प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– जवाफदेहिताको संस्कृति; भक्तपुरमा जिब्रो छेड्ने जात्राको व्रत सुरु; ‘नेपाल आरोग्य वर्ष २०२७’ घोषणा तथा सैनिक मञ्चमा प्रथम आरोग्य दिवस मनाइएको; ‘वेलनेस दिवस’ मा भिडियो प्रतियोगिता आह्वान भई हरेक प्रदेशका विजेतालाई ७५ हजार पुरस्कार प्रदान गर्ने व्यवस्था; होटल उद्योगले ‘पहिलो अन्तर्राष्ट्रिय वेलनेस दिवस’ मनाएको; डोटेली भाषा संरक्षणका लागि बौद्धिक बहस; आरोग्य यात्राको प्रस्थानविन्दु; नयाँ वर्षमा ‘शुभारम्भ साँझ’; मातातीर्थमा मातृभक्तको भीड तथा आमाको सम्झनामा तस्बिरहरू; बुधबारसम्म ७ सय आरोहीले हिमाल आरोहण अनुमति लिएको; पर्यटन प्रवर्द्धनमा कुँडुलेघर; जिरीका चिमाल र गुराँसले पर्यटक आकर्षण बढाएको; दुई दिनको बिदाले पर्यटन व्यवसायी उत्साहित भई आर्थिक क्षेत्र चलायमान हुने विश्वास; पुख्र्यौली नाच संरक्षणमा युवापुस्ताको सहभागिता; मुन्धुमी शक्ति केन्द्र मेन्छ्यायेम डाँडा; लोप हुँदै गएको झिँगटीको छाना लगायतका विषयहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– नेपाल तथा भारतका २८ जना प्राज्ञलाई ‘नइ प्रज्ञा पुरस्कार’ प्रदान गरिएको; भारतको सहयोगमा भिमगिठे स्वास्थ्य चौकी निर्माण सुरु भएको; संगीतमार्फत आशा जगाउने प्रयास; नयाँ वर्षको रौनकसँगै सलहेश फूलबारीमा सुनाखरी अवलोकन गर्न भारतीय नागरिक आउन थालेको; मस्कोमा नेपालीहरूले नयाँ वर्ष मनाएको; अमर स्वरका धरोहरको निधन तथा विश्वका प्रभावशाली व्यक्तित्वमा नेपालका प्रधानमन्त्री समावेश भएको; वर्ष २०८२ लाई राजनीतिक ‘सुनामी’ को वर्षका रूपमा विश्लेषण; राष्ट्रप्रेमलाई सम्पन्नताको प्रतीकका रूपमा प्रस्तुत; इतिहास, जेनजी र लोकप्रियतावाद सम्बन्धी विमर्श; पाथीभरादेखि पाँचपोखरीसम्म गुराँस फुलेसँगै पर्यटकीय आकर्षण बढेको; सत्ता सञ्चालन शैलीमा परिवर्तन भई सिंहदरबारबाट सरकार सञ्चालनमा जोड; महिला सशक्तीकरण र समावेशितामा प्राथमिकता; पुनर्संरचनापछि बजेटको सिलिङ निर्धारण गर्ने तयारी; वार्षिक नीतिको गृहकार्य; शैक्षिक सुधारमा आशाका सङ्केत; सशस्त्र प्रहरीलाई व्यावसायिक र दक्ष बनाउन सरकारको प्रतिबद्धता; प्रधानमन्त्रीलाई खुला पत्र; निर्णायक तहमा महिलाको दरिलो उपस्थिति; ‘गाउँ फर्क अभियान’ बाट प्रेरित पहल; राष्ट्रियसभामा जनजाति आयोगको प्रतिवेदन पेस; विप्रेषणबाट उत्पन्न चुनौती; मन्त्रीहरूको सम्पत्ति विवरण; निमन्त्रणापत्रमै ‘दहेजमुक्त विवाह’ उल्लेख गर्नुपर्ने सुझाव; उच्च मनोबलका साथ कार्यसम्पादन गर्न निर्देशन; पुनर्संरचना बहसमा ‘थिङ्क ट्याङ्क’ को भूमिका; गृहमन्त्रीद्वारा कानुन अध्ययनमा जोड; नयाँ स्वास्थ्यमन्त्रीका दीर्घकालीन सुधारका प्राथमिकता; सिंहदरबारभित्रका गतिविधि; १०० भन्दा बढी नयाँ कानुन निर्माणको तयारी; सञ्चारमन्त्रीद्वारा मुद्रण केन्द्र निरीक्षण तथा २४ घण्टामा लाइसेन्स छपाइ सुरु; जनक शिक्षालाई मानक संस्थाका रूपमा स्थापित गर्ने लक्ष्य; संविधान संशोधनका लागि गहन छलफल; कृषि क्षेत्रको अपेक्षित विकास; अर्थतन्त्र उकास्ने आधारहरू; समृद्धिको प्रस्थानविन्दु; कानुन सुधारको अठोट; नैतिकताको चुनौती; संग्रहालयप्रतिको दृष्टिकोण; सभ्यता र नेपालको अन्तर्राष्ट्रिय पहिचान; विश्वमा नेपाललाई चिनाउने अद्भुत सम्पत्तिहरू; विभेद न्यूनीकरणमा राज्यको भूमिका; नयाँ सरकारका अवसर; तथा कांग्रेसको भावी बाटो साङ्गठनिक र वैचारिक एकतामा केन्द्रित हुने लगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास गरिएको छ ।

**Date: 2083 Baisakh 06, Sunday**

## Weekly Media Study Summary– Part 65

This Weekly Media Monitoring Report presented by Nepal Samwad Kendra, has been prepared after an in-depth review of news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online platforms, print and television media from **Chaitra 30, 2082 to Baisakh 6, 2083 B.S.** The report incorporates positive, readable and constructive content published during this period.

During this period, Nepali media covered : *"The culture of accountability; The commencement of the tongue-piercing ritual festival in Bhaktapur; The declaration of "Nepal Wellness Year 2027" and the celebration of the First Wellness Day at Tundikhel; The announcement of a video competition on "Wellness Day" with NPR 75,000 for winners from each province; The hotel industry celebrating the "First International Wellness Day"; Intellectual discourse on the preservation of the Doteli language; The starting point of a wellness journey; New Year events such as "Shubharambha Evening";Crowds of devotees at Matatirtha and photo features dedicated to mothers; Issuance of mountaineering permits to 700 climbers by midweek; Tourism promotion through Kundule Ghar; The attraction of tourists by Jiri's Chimal and rhododendrons; Optimism among tourism entrepreneurs due to a two-day holiday, With expectations of increased economic activity; Youth participation in preserving traditional dances; The Mundhumi spiritual center Menchhyayem Hill and The gradual disappearance of traditional Jhingati roofing"* among other topics.

In the areas of international, diplomatic, democratic and social affairs, media coverage included topics such as: *"The conferment of the "Nai Pragya Award" to 28 scholars from Nepal and India; The commencement of construction of the Bhimgithe Health Post with Indian assistance; Efforts to inspire hope through music; The arrival of Indian visitors to Salhesh Phulbari to observe orchids during the New Year festivities; Celebration of the New Year by Nepalis in Moscow; the passing of a legendary musical figure and the inclusion of Nepal's Prime Minister among influential global personalities; Analysis of the year 2082 as a period of political "tsunami"; The portrayal of patriotism as a symbol of prosperity; discussions on history, Gen Z, and populism; Increasing tourist attraction due to blooming rhododendrons from Pathibhara to Panchpokhari; A shift in governance practices emphasizing administration from Singha Durbar rather than Baluwatar; Prioritization of women's empowerment and inclusion; Preparation to determine the budget ceiling following restructuring in Bagmati Province; Groundwork for annual policies; Signs of hope in educational reform; The government's commitment to making the Armed Police Force more professional and efficient; Open letters addressed to the Prime Minister; Stronger representation of women in decision-making positions; Initiatives inspired by the "Back to the Village" campaign; Presentation of the Indigenous Nationalities Commission report in the National Assembly; Challenges arising from remittances; Disclosure of ministers' assets; Calls to include "dowry-free marriage" in invitation cards; Directives to maintain high morale in service; The role of think tanks in restructuring debates; The Home Minister's emphasis on legal studies; Long-term public health reform priorities of the new Health Minister; Activities within Singha Durbar; Preparation of more than 100 new laws; Inspection of the printing center by the Minister for Communication and the initiation of license printing within 24 hours; The goal of establishing Janak Education as a model institution; intensive discussions on constitutional amendments; Expected development in the agricultural sector; Foundations for economic recovery; Pathways to prosperity; Commitment to legal reform; Ethical challenges; Perspectives on museums; Nepal's civilizational identity and global recognition; The country's unique assets that introduce Nepal to the world; The state's role in addressing discrimination; Opportunities with the new government and The future direction of the Nepali Congress focusing on organizational and ideological unity"* among others.

The issues included in this Weekly Media Monitoring Report presents a clear, factual and systematic overview of contemporary national and international developments, along with relevant and strategic concerns. It is expected that this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

# २०८२ चैत्र ३० गतेदेखि २०८३ बैशाख ६ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

## जवाफदेहिताको संस्कृति

रास्वपा सरकारसँग व्यापक जनअपेक्षा छ- सरकार पूरा पाँच वर्ष चलोस् । मुलुकमा स्थिरता कायम होस् । दण्डहीनता अन्त्य भई सुशासन स्थापित होस् र देशभित्रै सुख र शान्तिसँग बाँच्न पाइयोस् । बारम्बार बलिदानीपूर्ण आन्दोलनको नियति भोग्नु नपरोस् । अपवादात्मक अवस्थाबाहेक यो सरकार पाँच वर्ष नटिक्ने कारण छैन । अपवाद भनेको आन्तरिक कलहले फुट आउनु वा बहुमत 'निरपेक्ष शक्ति' मा बदलिँदै दुरुपयोग र स्वेच्छाचारिताले जनआक्रोश निम्त्याउनु हो । यी दुवै अवस्था आउनु हुँदैन । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201084**

## भक्तपुरमा जिब्रो छेड्ने जात्राको ब्रत सुरु

भक्तपुरमा आठ रात नौ दिनसम्म चल्ने बिस्केट जात्राका अवसरमा आज बिहान भक्तपुरको पोटरीस्क्वायरस्थित कुमाले टोलमा हात नभएको लिङ्गो उठाइएको छ । प्रत्येक वर्ष चैत मसान्तका दिन स्थानीय भक्तपुरको कुमाले टोलमा बिहानै उठाइने हात नभएको लिङ्गो आज विधिपूर्वक पूजा गरी उठाइएको हो । बिस्केटजात्राको अवसरमा हरेक वर्ष चैत मसान्तको दिन उठाइएको हात नभएको लिङ्गो जात्राको अन्तिम दिन आगामी वैशाख ५ गते बिहान ढाल्ने गरिन्छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/556684/fasting-begins-for-tongue-piercing-festival-in-bhaktapur**

## 'नेपाल आरोग्य वर्ष २०२७' घोषणा, सैनिक मञ्चमा मनाइयो प्रथम आरोग्य दिवस

संयुक्त राष्ट्र संघले 'आरोग्य दिवस' को मान्यता दिएपछि बुधबार सैनिक मञ्च टुँडिखेलमा पहिलो अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाइएको छ । यस अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल 'गनेस' ले आगामी वर्षका लागि 'नेपाल आरोग्य वर्ष २०२७' समेत घोषणा गरे । कार्यक्रममा प्रतिनिधिसभा सभामुख डीपी अर्यालले आरोग्यको अवधारणालाई समग्र मानव जीवनसँग जोड्दै यसलाई विश्वव्यापी प्राथमिकताका रूपमा स्थापित गर्नु आवश्यक रहेको बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1911678/nepal-health-year-2027-declared-first-health-day-celebrated-at-sainik-mancha**

## 'वेलनेस दिवस' मा भिडियो प्रतियोगिता आह्वान, हरेक प्रदेशका विजेतालाई ७५ हजार

नेपाल पर्यटन बोर्डले 'वेलनेस दिवस' का अवसरमा भिडियो प्रतियोगिता आयोजना गरेको छ । नेपाललाई विश्वकै उत्कृष्ट आध्यात्मिक तथा प्राकृतिक स्वास्थ्य (वेलनेस) गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन बोर्डले 'हरेक फ्रेममा वेलनेस, हरेक कथामा नेपाल' नाराका रिल भिडियो प्रतियोगिता सुरु गरेको जनाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1911939/video-competition-announced-on-wellness-day-winners-from-each-province-to-receive-rs-75000**

## होटल उद्योगले मनायो 'पहिलो अन्तर्राष्ट्रिय वेलनेस दिवस'

होटल एसोसिएसन नेपाल (हान) को आयोजना तथा यूके नेपाल-नेपाल इन बिजनेसको सहकार्यमा 'पहिलो अन्तर्राष्ट्रिय वेलनेस दिवस' बुधबार मनाइएको छ । ऐतिहासिक कार्यक्रममा हानका सदस्य प्रतिष्ठानका होटल व्यवसायी, वेलनेस विशेषज्ञ, निजी क्षेत्रका प्रतिनिधि, शैक्षिक क्षेत्र र विकास साझेदार सहभागी भई दिवस मनाइएको हानले जनाएको छ। कार्यक्रममा हान अध्यक्ष विनायक शाहले यस ऐतिहासिक अवसरले नेपाललाई विश्वव्यापी वेलनेस क्षेत्रमा स्थापित गर्न मद्दत गर्ने बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1911970/hotel-industry-celebrates-first-international-wellness-day**

## आरोग्य यात्राको प्रस्थानविन्दु

करिब १७ वर्षअघि काठमाडौँमा स्थापना भएको थियो आध्यात्मिक संस्था जीवन विज्ञान । यसले योग, ध्यान र आरोग्यताको विषय सरकारको प्राथमिकताभित्र पर्नु पर्छ भन्दै २०७४ सालमा नेपाल सरकारलाई यो विषय सरकारको नीति तथा कार्यक्रममा समावेश गर्नु पर्छ भन्दै श्वेतपत्र जारी गरेको थियो । यो नै आरोग्य यात्राको प्रस्थानविन्दु थियो। जीवन विज्ञानको आयोजनामा २०८० साल चैत १७ देखि २३ सम्म लुम्बिनीमा भएको विराट चक्र विज्ञान कार्यक्रममा पाँच हजारभन्दा बढी साधक एक हप्तासम्म चक्र साधनाको ध्यानमा मग्न भएका थिए। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201702**

## डोटेली भाषा संरक्षणका लागि बौद्धिक बहस

डोटी, ३० जेठ : डोटीको सिलगढीमा डोटेलीभाषा, कला र साहित्य संरक्षणका लागि बौद्धिक बहस गरिएको छ । बुधबार मार्क्सवादी अध्ययन प्रतिष्ठान धनगढीको समन्वयमा नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौँको आयोजना तथा सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान कैलालीको सह-आयोजनामा बहस गरिएको हो । तत्कालीन डोटी गौँडाको इतिहास मेटिँदै गएको र डोटेली भाषा लोप हुन लागेकाले संरक्षणको आवश्यकता महसुस गरी बहस आयोजना गरिएको आयोजकले जनाएको छ। पछिल्लो समय डोटेलीभाषाको अस्तित्व मेटिने अवस्थामा पुगेको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा टिएन जोशीले बताउनुभयो । बाँकी...

स्रोत : **https://www.mirmireonline.com/2024/06/12/259217/**

## नयाँ वर्षमा 'शुभारम्भ साँझ'

सांस्कृतिक संस्थानले नयाँ वर्षका अवसरमा सांस्कृतिक कार्यक्रम 'शुभारम्भ साँझ-२०८३' आयोजना गरेको छ । संस्थानले नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानलगायतको सहकार्यमा मङ्गलबार राजधानीमा आयोजना गरेको कार्यक्रममा सातै प्रदेशको पहिचान झल्कने सांस्कृतिक प्रस्तुतिहरू गरिएको थियो। प्रतिनिधि सभा सदस्य पुकार बमले उद्घाटन गर्नुभएको कार्यक्रममा नेपालका सातै प्रदेशका सांस्कृतिक पहिचानसहितको सांस्कृतिक प्रस्तुतिका साथ सबै प्रदेशको प्रतिनिधित्व हुने रैथाने खानाको स्टलसमेत राखिएको थियो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201243**

## सुजनले छेडे चौथो पटक जिब्रो

बिस्का: जात्रा अन्तर्गत बुधबार भक्तपुरको बोडेमा जिब्रो छेड्ने जात्रा मनाइएको छ । यस वर्ष पनि सुजन बाग श्रेष्ठले जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिनुभएको छ । बुद्धकृष्ण बाग श्रेष्ठका कान्छा छोरा सुजनले गत वर्ष पनि जिब्रो छेडाउनुभएको थियो । जिब्रो छेड्ने परम्परा प्राचीनकालदेखि चल्दै आएको मानिन्छ । जिब्रो छेड्ने व्यक्तिले तीन दिनअघिदेखि केही नखाई व्रत बस्नुपर्ने नियम छ । त्यसो नगरेमा जिब्रो छेड्दा दुख्ने, रगत आउने र बिघ्नबाधा आउने जनविश्वास छ । मध्यपुर ठिमी-२ मा रहेको गणेश मन्दिरअगाडिको पाटीमा नकर्मी नाइकेले एक फिट लामो फलामको सुइरोले जिब्रो छेडिदिने गर्छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201377**

## मातातीर्थमा मातृभक्तको भीड

दिवङ्गत आमाको सम्झनामा  चन्द्रागिरि नगरपालिका वडा नं ६ स्थित मातातीर्थमा तर्पण, श्राद्ध र पूजा गर्नेको भीड लागेको छ । मातातीर्थमा बिहान ३ बजेदेखि नै स्नान, दान, श्राद्ध, तर्पण र पूजा गर्ने र मेला भर्नेको घुइँचो बढेको चन्द्रागिरि नगरपालिकाका प्रवक्ता कृष्णप्रसाद खड्गीले राससलाई जानकारी दिनुभयो ।  आमा नहुने नरनारी आज बिहानै उक्त तीर्थमा स्नान तथा हरिहर (विष्णु र शिव) को दर्शन र पूजा गर्दछन् । मातातीर्थ कुण्डमा स्नान गरेमा दिवङ्गत आमालाई शान्ति मिल्ने जनविश्वास छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201546**

## आमाको सम्झनामा तस्बिरहरू

प्रत्येक वर्ष वैशाख कृष्ण पक्ष औँसीका दिनमा जन्मदाता आमालाई सम्मान गरी मनाइने आमाको मुख हेर्ने पर्व आज देशभर आमालाई मीठा-मीठा खानेकुरा खान दिई श्रद्धा भक्तिसाथ मनाइँदैछ । शास्त्रमा उपाध्याय (पण्डित), आचार्य र पिताभन्दा पनि ठूली मानिएकी आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा उहाँबाट शुभाशीर्वाद थाप्ने दिनका रूपमा यो पर्वलाई लिइने शास्त्रीय परम्परा छ । छोराछोरीले आज बिहानै उठी नुहाएर आफ्नी आमालाई राम्राराम्रा लुगा लगाउने र मीठामीठा-तागतिला खानेकुरा खान दिई आशीर्वाद थाप्ने चलन छ । बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/04/17/in-memory-of-mother-photos-43-00.html**

## ग्लान समाज नेपालको प्रथम राष्ट्रिय सम्मेलन १८ वैशाखमा

'भाषा र संस्कृति हाम्रो पहिचान, वंश र इतिहास खोजी हाम्रो अभियान' भन्ने नारालाई सार्थकता बनाउन विश्वभरी छरिएर रहेका तामाङ जातिभित्रको ग्लानहरूको पुर्ख्यौली भूमि नुवाकोटमा सम्मेलन आयोजना हुने उनले बताए । आउदो १८ गते ग्लानहरूको उद्गम थलो । दुप्चेश्वर गाउँपालिका-४ स्थित गोल्फु नम्सापुरानलाई ग्लानहरूले आफ्नो उद्गम थलो मान्ने गर्छन् । जहाँ सांस्कृतिक भवन 'ग्लान ङारदीम' निर्माण गरिएको छ । जसको उद्घाटन समेत गरिने उनले बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1912358/the-first-national-conference-of-glan-samaj-nepal-on-18-baisakh**

## Biska Jatra: Welcoming the new year

For Nepalis, the new year begins quietly, with an evening dinner, a night spent waiting for the first sunrise of another year with loved ones. in the Kathmandu Valley, the new year arrives differently. it rejoices with devotion and communal celebrations. in Bhaktapur, you walk into the beats of drums, chants, and the slow creak of wooden wheels rolling across streets. here, Biska Jatra marks the arrival of the new year. बाँकी...

स्रोत : **https://kathmandupost.com/visual-stories/2026/04/11/biska-jatra-welcoming-the-new-year**

## बुधबारसम्म ७ सय आरोहीले लिए हिमाल आरोहण अनुमति

यसपालि वसन्त ऋतुमा हिमाल आरोहण गर्न बुधबारसम्म ७ सय आरोहीले अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार यस सिजनका लागि सर्वाधिक अनुमति सर्वोच्च शिखर सगरमाथाका लागि आएको छ । सगरमाथाका लागि कुल ३० समूहका २ सय ९७ आरोहीले अनुमति लिएका छन् । जसमा ६३ महिला छन् । कुल हिमालमा भने ८५ समूहका ७ सय आरोहीले अनुमति लिएको विभागले जनाएको छ । जसमा १ सय ७७ महिला छन् । विभागका अनुसार अमादब्लम आरोहण गर्न ६ समूहका ७० जनाले अनुमति लिएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1911917/700-climbers-have-obtained-permits-to-climb-the-mountain-as-of-wednesday**

## रौता पोखरीमा पर्यटन मेला

उदयपुरको रौतामाई गाउँपालिका वडा नं ६ मा यही चैत्र २९ गतेदेखि वैशाख ३ गतेसम्म प्रथम रौता त्रियुगा पर्यटन महोत्सव सुरु भएको छ । रौतामाई गाउँपालिका, त्रियुगा नगरपालिकाको आयोजना र कोशी प्रदेश सरकारको पर्यटन वन तथा वातावरण मन्त्रालयको सहकार्यमा सुरु भएको रौता पर्यटन महोत्सवको कोशी प्रदेश सरकारका पर्यटन वन तथा वातावरण मन्त्री भीम पराजुलीले उद्घाटन गरेका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/14/763926/**

## पर्यटन प्रवर्धनमा कुँडुलेघर

परम्परागत कुँडुले (गोलो) घर हेर्ने मानिस बढ्दै गएका छन् । जिल्लाको माथागढी-३, सराइस्थित लखन थापा पार्कमा बनाइएको कुँडुलेघर अवलोकन गर्ने संख्या बढ्दै गएसँगै पर्यटन प्रवर्धनमा पनि टेवा पुगेको स्थानीय बताउँछन् । दुई/तीन पुस्ताअघि मगर समुदाय कुँडुलेघरमा बस्ने प्रचलन थियो । बढ्दो आधुनिकतासँगै पछिल्लो समय यस्ता घर लोप हुँदै गएका छन् । पहिचान झल्काउने कुँडुलेघर लोप भएपछि यहाँका बासिन्दाको श्रमदान र सहयोगबाट कुँडुलेघरसहितको सङ्ग्रहालय बनाएको स्थानीय हुमा दर्लामीले बताउनुभयो । कुँडुलेघरभित्र मगर समुदायले परम्परादेखि प्रयोग गर्दै आएका वस्तु राखिएका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/146080**

## पर्यटक लोभ्याउने जिरीका चिमाल र गुराँस !

यतिबेला जिरीका वनजङ्गल मौसमी तथा बेमौसमी गुराँस जातका चिमाल र गुराँस फुलेर ढकमक्क छन् । समुद्री सतहदेखि २२ सय देखि ३५ सय मिटर उचाइसम्म फैलिएको जिरी नगरपालिका क्षेत्रको विभिन्न वन जङ्गल अनेकौं रङ्गका चिमाल र गुराँस फुल्ने समय करिब सकिन लाग्दा हिजोआज यहाँका गुराँसले प्रसिद्ध ठाउँहरूमा गुराँस फुल्ने र झर्ने चरण चलिरहेको छ । जिरीमै गुराँसले प्रसिद्ध मानिने गुराँस पार्क अहिले गुराँस र चिमाल फुलेर ढकमक्क देखिएको छ । गत वर्षको तुलना २५ प्रतिशत कम गुराँस फुलेको यस क्षेत्रमा हिजोआज दैनिक दर्जनौं आन्तरिक पर्यटक गुराँसको सेतो र रातो जातको फुल हेर्न तथा फोटो भिडियो खिच्न त्यहाँ पुग्ने गरेका छन् । बाँकी...

स्रोत : **https://khabarhub.com/2026/16/956958/**

## चौँरी महोत्सवमा दोब्बर पर्यटक

फालेलुङ गाउँपालिका-४ स्थित चाररातेको उच्च हिमाली चौरमा आयोजित नवौं चौँरी पर्यटन महोत्सव बुधबार सकिएको छ । चैत ३० गते सुरु भएको महोत्सवमा चौँरी हेर्न यस वर्ष गत वर्षभन्दा दोब्बर बढी पर्यटक आएका थिए । समुद्री सतहदेखि करिब तीन हजार ४५० मिटर उचाइमा अवस्थित यस क्षेत्रमा आयोजना गरिएको नवौं चौँरी पर्यटन महोत्सवको मुख्य दिन अर्थात् वैशाख १ गते मौसम प्रतिकूल भए पनि नेपाल, भुटान र भारतसहित विभिन्न मुलुकबाट आएका १० हजारभन्दा बढी आन्तरिक र बाह्य पर्यटकले महोत्सव अवलोकन गरेको आयोजकको दाबी छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201374**

## दुई दिनको बिदाले पर्यटन व्यवसायी उत्साहित : आर्थिक क्षेत्र चलायमान हुने विश्वास

सरकारले आइतबार सार्वजनिक बिदा थप गरेपछि पर्यटन व्यवसायी उत्साहित भएका छन् । लगातार दुई दिन बिदा हुँदा आन्तरिक पर्यटक बढ्ने व्यवसायीको अपेक्षा छ । सरकारले बढ्दो व्यापार घाटा र इन्धन खपत नियन्त्रण गर्ने उद्देश्यसहित आइतबार पनि सार्वजनिक बिदा थप गरेपछि मुलुकको पर्यटकीय राजधानी पोखराका पर्यटन व्यवसायीहरूमा उत्साह थपिएको छ । सरकारले यसअघि हप्तामा एक दिन शनिबार मात्र सार्वजनिक बिदा दिने गरेको थियो । दुई दिन बिदा हुँदा एकरात बस्न आउने पर्यटकको सङ्ख्या बढी हुने गरेको भन्दै उनीहरुले यो बिदाबाट होमस्टे (घरबास) देखि ठूला होटलसम्म पर्यटक बढ्ने गरेको बताउनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201603**

## पुर्ख्यौली नाच संरक्षणमा युवापुस्ता

बेनीसँग सिमाना जोडिएको पर्वतको जलजला गाउँपालिका-५, कुवापानीका स्थानीय मौलिक कला संस्कृति संरक्षणमा जुटेका छन् । गाउँमा भएका पाका र युवापुस्ता पुर्ख्यौली नाचको संरक्षण र पुस्तान्तरणमा सक्रिय भएका हुन् । पुर्ख्यौली नाच संरक्षण समूह बनाएर नयाँ पुस्तालाई नाच सिकाउने गरेका छन् । गाउँमा आयोजना हुने विभिन्न कार्यक्रममा पाका, युवा र बालकलाकारले सँगै पुर्ख्यौली नाच प्रदर्शन गर्ने गरेको कुवापानी टोल विकास समितिका अध्यक्ष तिर्खबहादुर पाइजाले बताउनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201527**

## दुई स्रष्टा पुरस्कृत

नेपाली कलासाहित्य डटकम प्रतिष्ठानद्वारा सोलुखुम्बुको सल्लेरीमा आयोजित १९ औं दुईदिने कलासाहित्य यात्रा सम्पन्न भएको छ । मुलुकका विभिन्न जिल्लामा पुगेर बर्सेनि गरिँदै आएको कलासाहित्य यात्रा यस पटक सल्लेरीमा गरिएको हो । सो अवसरमा प्रतिष्ठानद्वारा योगेश्वर वाङ्मय पुरस्कार र ग्रेगरी कलासंस्कृति पुरस्कारसमेत प्रदान गरिएको थियो । समारोहका प्रमुख अतिथि वरिष्ठ साहित्यकार अशेष मल्लले योगेश्वर वाङ्मय पुरस्कार रुकुमका स्रष्टा पूर्ण ओली र ग्रेगरी कलासंस्कृति पुरस्कार सोलुखुम्बुका मनुहाङ किराँतीलाई प्रदान गर्नुभयो । दुवै पुरस्कार क्रमशः २५ हजार र २० हजार नगद राशिसहित प्रमाणपत्र प्रदान गरिएको थियो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201375**

## Tourists visiting Rara increase as summer dawns

The number of tourists visiting Rara, the largest lake in Nepal, has increased as the summer season approaches. the summer season is considered the most suitable season to visit Rara. according to the Rara National Park Office, the number of tourists visiting Rara during this season is significantly higher as the weather from April to June is suitable. बाँकी...

स्रोत:**https://risingnepaldaily.com/news/78683#:~:text=The%20summer%20season%20is%20considered,April%20to%20June%20is%20suitable**

## Jhapa, Morang come alive for Siruwa Pawani

Siruwa Pawani, the biggest festival of the Rajbanshi, Tajpuriya, and Gangai people living in the Tarai region of Jhapa and Morang, has begun. however, locals have expressed concern that the originality of the fair is being lost. Siruwa Pawani is the biggest festival of the Rajbanshi and Tajpuriya communities. this fair is held on the first day of the Nepali New Year, after worship at Sunwarshi Maharajthan, located in Ward No. 5 of Ratuwamai Municipality in Morang. बाँकी...

स्रोत:**https://risingnepaldaily.com/news/78689#:~:text=Uralabari%2C%20Apr.,the%20fair%20is%20being%20lost**

## मुन्धुमी शक्ति केन्द्र मेन्छ्यायेम डाँडा

तेह्रथुम, ताप्लेजुङ र संखुवासभाको सीमावर्ती पहाडी काखमा अवस्थित मेन्छ्यायेम डाँडा लिम्बु समुदायको आस्था, पहिचान र इतिहाससँग गहिरोसँग जोडिएको एक पवित्र मुन्धुमी स्थल हो । समुद्री सतहबाट ३,१४१ मिटर उचाइमा फैलिएको यो डाँडा प्राकृतिक सौन्दर्यले भरिपूर्ण मात्र होइन, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले समेत अत्यन्त महत्वपूर्ण मानिन्छ । थाक्थुङ लिम्बु जातिको मौलिक पहिचानकै रूपमा परिचित यस स्थानले प्रकृति र परम्पराको अद्भुत संगम प्रस्तुत गर्दछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1910121/mundhumi-power-center-menchhayem-mountain**

## लोप हुँदै झिँगटीको छाना

तेह्रथुमका म्याङलुङदेखि छथर, फेदाप, आठराई, लालीगुराँसलगायतका गाउँका बस्तीहरूमा एक समय घरको छानामाथि सजिने झिँगटीको छाना आज बिस्तारै इतिहास बन्दै गएको छ । ग्रामीण समाजको जीवनशैली, पहिचान र सांस्कृतिक विरासतसँग गहिरो सम्बन्ध राख्ने यो परम्परागत छाना पछिल्लो समय तीव्र रूपमा लोप हुँदै गएको हो । तेह्रथुमका गाउँहरूमा ढुङ्गा-माटोले बनेका घर र तिनका माथि मिलाएर राखिएका झिँगटीका छानाहरूले एक अलग्गै सौन्दर्य दिन्थे। विशेषगरी हुनेखाने, ठुलाबडा, सुब्बा तथा मुखिया वर्गका घरहरूमा झिँगटीको छाना हुनु प्रतिष्ठा र सम्पन्नताको प्रतीक मानिन्थ्यो । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/04/1910157/the-disappearing-thatched-roof**

## 'उज्यालो धनगढी' अभियान : ९ स्थानमा स्मार्ट स्ट्रीट लाइट

धनगढी उपमहानगरपालिकाले 'उज्यालो धनगढी' कार्यक्रमअन्तर्गत विभिन्न वडामा जडान गरिएका स्मार्ट स्ट्रीट लाइटको उद्घाटन गरेको छ । आइतबार उपमहानगरपालिकाका नौ स्थानमा एकैपटक स्मार्ट स्ट्रीट लाइट उद्घाटन गरिएको हो । उपमहानगरपालिकाको नीति तथा कार्यक्रमअनुसार 'एक वडा, एक आर्थिक केन्द्र (बजार क्षेत्र)' निर्माण गर्ने उद्देश्यसहित 'उज्यालो धनगढी' अभियानको आठौं चरण अन्तर्गत विभिन्न वडामा बत्ती जडान गरिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1910077/bright-dhangadhi-campaign-smart-street-lights-in-9-locations**

## नेपाल तथा भारतका २८ जना प्राज्ञलाई 'नइ प्रज्ञा पुरस्कार'

नइ एकेडेमीद्वारा आयोजित 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन'मा सहभागी प्राज्ञहरुबाट आआफ्ना मन्तव्यपछि त्रिदिवसीय ऐतिहासिक सम्मेलनको समापन भएको छ । नइ एकेडेमी सदस्यसचिव नरेन्द्रराज प्रसाईले समारोहमा नइ एकेडेमीबाट डा.स्वामी केशवानन्द, डा.मानसाग्नि, सुनीता कार्की, डा।दुबसु क्षेत्री, वसन्तकुमार चौधरी र रामचन्द्र तिमोथीलाई सम्मेलनको मानार्थ सदस्यता प्रदान गरिएको जानकारी दिनुभयो । त्यस अवसरमा नइ एकेडेमीका कुलपति इन्दिरा प्रसाईले महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीलाई 'नइ प्रज्ञा पुरस्कार' र 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन पदक'बाट विभूषित गर्नुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200956**

## भारत सहयोगमा भिमगिठे स्वास्थ्य चौकी निर्माण सुरु

भारत सरकारको सहयोगमा बागलुङको बडिगाड गाउँपालिका स्थित भिमगिठे स्वास्थ्य चौकीको भवन शिलान्यास गरिएको छ । बडिगाड गाउँपालिका-७ मा रहेको भिमगिठे स्वास्थ्य चौकी भवन निर्माणका लागि शिलान्यास गरिएको छ। बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारी र काठमाडौँस्थित भारतीय राजदूतावासका द्वितीय सचिव अजयकुमार सिंहले संयुक्त रूपमा शिलान्यास गर्नुभएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201586**

## संगीतबाट निभ्यो एउटा आशा

सुप्रसिद्ध गायिका आशा भोसलेले साढे तीन दशकअघि सदाबहार 'चिनो' स्वरूप गाएकी थिइन् यो गीत । गीतमा गाउँलेको बोलीले मोहनी लगाए पनि, असलमा उनकै गायकीले नेपालीहरूलाई गहिरो मोहनी लगाएको थियो । वर्षौंदेखि मोहनी लगाएको आशाको मखमली आवाजले अब कहिल्यै गीत गुन्गुनाउने छैन । ९२ वर्षको उमेरमा मुम्बईस्थित ब्रिच क्यान्डी अस्पतालमा उपचारका क्रममा आइतबार उनले भौतिक शरीर बिसाइन् । 'मल्टी-अर्गान फेलियर' भएका कारण उनको निधन भएको अस्पतालले पुष्टि गर्‍यो । आशाको निधनले भारतीय मात्र नभई नेपाली सांगीतिक क्षेत्र पनि यतिबेला स्तब्ध बनेको छ । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/04/12/a-hope-extinguished-by-music-39-17.html**

## ढल्यो अमर स्वरको धरोहर

आशा भोसलेले गाएका सबैजसो नेपाली गीत चर्चाको शिखरमा, आठ दशकको गायन करिअरमा हिन्दी र नेपालीसहित कम्तीमा १४ भाषामा दिइन् स्वर । सातपटक 'फिल्मफेयर उत्कृष्ट महिला पार्श्व गायिका' अवार्ड जितेकी आशाले 'दिल चिज क्या है' (उमराव जान) र 'मेरा कुछ सामान' (इजाजत) का लागि दुईपटक राष्ट्रिय चलचित्र पुरस्कार पाएकी थिइन् । भारतीय संगीतमा बहुमुखी गायिकाको अमर इतिहास बनाएकी आशा भोसलेको नेपाली संगीतमा पनि अतुलनीय योगदान छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192686/2026-04-13**

## नयाँ वर्षको रौनकसँगै सलहेश फूलबारीमा सुनाखरी हेर्न आउन थाले भारतीय नागरिक

सिरहाको लहानस्थित ऐतिहासिक तथा धार्मिकस्थल सलहेश फूलबारीमा नयाँ वर्ष नजिकिँदै गर्दा चहलपहल तीव्र रूपमा बढ्न थालेको छ। हरेक वर्ष वैशाख १ गते आयोजना हुने प्रसिद्ध मेलाको तयारीसँगै भारतबाट समेत श्रद्धालुहरूको आगमन सुरु भइसकेको छ । मेला सुरु हुन अझै दुई दिन बाँकी रहँदा नै फूलबारी क्षेत्रमा भक्तजनहरूको उपस्थिति उल्लेख्य देखिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1910082/with-the-excitement-of-the-new-year-indian-citizens-have-started-coming-to-see-the-gold-rush-at-the-salhesh-flower-garden**

## मस्कोमा नेपालीहरुले मनाए नयाँ वर्ष

नेपाली नयाँ वर्ष २०८३ का अवसरमा रुसको राजधानी मस्कोस्थित नागोर्नाया सांस्कृतिक केन्द्रमा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । गैरआवासीय नेपाली सङ्घ, राष्ट्रिय समन्वय परिषद् रुसको आयोजनामा आइतबार सम्पन्न सो कार्यक्रममा कलाकारहरु रामजी खाँड, भूमिका गिरीलगायतले गीत सङ्गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा करिब ३०० नेपाली सहभागी थिए । कार्यक्रममा सहभागी नेपालीहरू ती कलाकारका साङ्गीतिक प्रस्तुतिसँगै रमाए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1910070/nepalis-celebrate-new-year-in-moscow**

## विश्वका प्रभावशाली व्यक्तित्वमा नेपालका प्रधानमन्त्री

प्रधानमन्त्री वालेन्द्र शाह विश्वका प्रभावशाली एक सय व्यक्तिको सूचीमा पर्नुभएको छ। प्रधानमन्त्री शाह विश्वप्रसिद्ध ‘टाइम’ म्यागेजिनले सार्वजनिक गरेको सन् २०२६ मा विश्वका प्रभावशाली एक सय व्यक्तिको सूचीमा पर्नुभएको हो। विश्वका प्रभावशाली व्यक्तिभित्र पनि राजनीतिक नेतृत्वको सूचीमा विश्वका प्रभावशाली राजनीतिज्ञसँगै शाहको नाम सूचीकृत भएको हो। विश्वकै शक्तिशाली मुलुकहरू छिमेकी चीनका राष्ट्रपति सी चिनफिङ, अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प, पोप लियो जस्ता शक्तिशाली नेतृत्वकर्ताको लहरमा नेपालको बहुआयामिक नेतृत्वका रूपमा वालेन्द्र सूचीकृत हुनुभएको हो। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/201512**

## वर्षान्त : २०८२ राजनीतिक ‘सुनामी’ को वर्ष

राजनीतिक दृष्टिले वर्ष, २०८२ निकै उथलपुथलपूर्ण रह्यो । तर वर्षको अन्त्यतिर मुलुकको शान्ति, स्थायित्व र समृद्धिका लागि नयाँ जनादेशसहित स्पष्ट मार्गनिर्देश प्राप्त भयो । वर्ष २०८२ को मध्यतिर ‘जेनजी’ को विद्रोहपूर्ण आन्दोलनले एउटा मार्गबाट हिँडिरहेको राजनीतिलाई नयाँ शिराबाट अघि बढाउन हस्तक्षेपकारी भूमिका निर्वाह गरेको छ । जेनजी आन्दोलनकै बलमा तत्कालीन सरकार विस्थापन र प्रतिनिधिसभा विघटन भई पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित नागरिक सरकारले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराएपछि मुलुकले नयाँ सरकार प्राप्त गर्‍यो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/200922**

## सम्पन्नताको प्रतीक राष्ट्रप्रेम

देशभक्त नभई राष्ट्र विकसित हुँदैन । कुनै पनि काममा बुद्धि, साधन, श्रम र जनसहयोग नै राष्ट्रको सफलता हो । कतारकै कुरो गरौँ, अमेरिकाका धनाढ्यले रोयल्टी दिने गरी यहाँका तेल खानी लिए । राजाले रोयल्टीबाट प्राप्त रकम घर, महल, सडक, स्कुल र अस्पताल बनाएनन्; बरु अमेरिकाका लगानीकर्ताको सेयर खरिद गर्न थाले । विभिन्न कलकारखाना, उद्योग र तेल खानीमा कतारवासीले जागिर पाए । जनता धनी हुँदै गए । बजार विस्तार हुँदै गयो । आयकरलगायत करबाट पनि सरकारलाई आम्दानी हुँदै गयो । यो आम्दानी पनि सेयरमै लगानी हुँदै गयो । आज कतार तेल खानीका धनी राष्ट्र बनेको छ । त्यस्तै मलेसियामा महाथिर मोहम्मदले पाम आयलबाट विकासको सुरुवात गरे । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/201701**

## इतिहासको बहाव, जेनजी र लोकप्रियतावाद

जेनजी वा कुनै पनि नयाँ पुस्ता केवल आमाको गर्भबाट जन्मिएका जैविक उपज होइनन्, उनीहरू तीव्र सामाजिक र ऐतिहासिक परिवर्तनका परिणाम हुन् । इतिहासको यही तीव्र गतिलाई बुझ्न नसक्दा पुराना, सिद्धान्तनिष्ठ र कार्यकर्तामा आधारित राजनीतिक दलहरूको पतन हुँदै छ । यहाँ यो तर्क गरिएको छ कि जेनजी जस्ता विशिष्ट नामधारी पुस्ताहरू क्रमिक जैविक गर्भका उपज होइनन्, जस्तो कि हामीले बाबुआमा, उनीहरूका छोराछोरी र नाति-नातिनाको पुस्ता (वंश, पुस्ता आदि) को बारेमा कुरा गर्दा बुझ्ने गर्छौं । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1913431/the-sense-of-history-genji-and-populism**

## पाथीभरादेखि पाँचपोखरीसम्म राताम्यै गुराँस, बढ्दै पर्यटकीय आकर्षण

गुराँसको राजधानीका रूपमा परिचित पूर्वी नेपालको तिनजुरे-मिल्के-जलजले (टीएमजे) क्षेत्रअन्तर्गत पर्ने तीनजुरे पाथीभरादेखि पाँचपोखरीसम्मका डाँडापाखा यतिबेला गुराँस फुलेर राताम्यै बनेका छन् । तेह्रथुम, संखुवासभा र ताप्लेजुङ जिल्लामा फैलिएको यो क्षेत्रमा वसन्त ऋतुको आगमनसँगै गुराँस फुल्न थालेपछि यहाँको प्राकृतिक दृश्य मनमोहक र आकर्षक देखिने गरेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1913766/nightly-rain-from-pathibhara-to-panchpokhari-increasing-tourist-attraction-photos**

## फेरिँदै सत्ता सञ्चालन शैली : बालुवाटार होइन, सिंहदरबारबाटै चल्छ सरकार

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०८२ जेठ २५ देखि ३२ सम्म १० वटा विश्वविद्यालयको सिनेट बैठक प्रधानमन्त्री निवास बालुवाटारमा राखे । सिनेट विश्वविद्यालयको सभा हलमा बस्नुपर्ने हो । तर कुलपति एवं प्रधानमन्त्री ओलीको व्यस्तताको कारण देखाउँदै सबै विश्वविद्यालयहरूको सभा बालुवाटारमा राखियो । प्राज्ञहरूले सिनेटमै प्रश्नसमेत गरेका थिए । २०८० भदौ ११ मा तत्कालीन प्रधामनन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सात वटै प्रदेश प्रमुखसँग बालुवाटारमै छलफल गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1910024/changing-style-of-governance-government-runs-from-singha-durbar-not-baluwatar**

## 'महिला सशक्तीकरण र समावेशितामा जोड'

नेपाली कांग्रेसको राजनीतिमा दशकौँसम्म सक्रिय भएर काम गरेकी मोरङ विराटनगरकी नेतृ रुक्मिणीदेवी कोइराला यस पटक समानुपातिक सांसदमा निर्वाचित हुनुभएको छ। उहाँ नेपाली कांग्रेस पार्टीका तर्फबाट यसअघिका दुई निर्वाचनमा पनि समानुपातिक उमेदवारको बन्दसूचीमा पर्नुभएको थियो। यस पटक भने पार्टीले उहाँलाई खसआर्य समुदायको महिलातर्फबाट सांसद चयन गरेको छ। तेस्रो प्रयासमा सांसद बन्नुभएकी कोइराला भन्नुहुन्छ, "यो उपलब्धि रातारात प्राप्त भएको होइन। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200967**

## पुनर्संरचनापछि मात्रै बजेटको सिलिङ तोक्दै बागमती सरकार

बागमती प्रदेश सरकारले बजेट निर्माण प्रक्रियाअघि नै प्रशासनिक संरचना सुधार गर्ने भएको छ । बजेट कार्यक्रम खर्च सहज हुने र प्रशासनिक पुनर्संरचना व्यवहारिक कार्यान्वयनका लागि बजेट निर्माण प्रक्रिया अघि नै मन्त्रालयको संख्या घटाउने तथा कर्मचारी कटौतीको प्रस्ताव अघि बढाउने भएको हो । आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माण अगावै प्रशासनिक ढाँचा टुंगो लगाउने गरी सरकारले प्रशासनिक संरचना व्यवस्थापनको काम अघि बढाएको उनले बताए । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/556607/bagmati-government-to-set-budget-ceiling-only-after-restructuring**

## वार्षिक नीतिको गृहकार्य

सरकारले वार्षिक नीति र कार्यक्रमको गृहकार्य सुरु गरेको छ । यो सरकार विगतको भन्दा फरक छ । आमनागरिकको सरकारसँग ठुलो अपेक्षा छ । अब वार्षिक नीति तथा कार्यक्रम र बजेट कस्तो बन्दै छ भन्ने चासो सर्वत्र छ । नवयुवा (जेनजी) पुस्ताको आन्दोलनले ल्याएको परिवर्तनसँगैको अपार जनमतबाट यो सरकार बनेको हो । युवा प्रधानमन्त्री वालेन्द्र शाहबाट आमक्षेत्रले ठुलो भरोसा, आशा र विश्वास गरेको छ । मुलुकमा विगतदेखिका सबैखाले विकृति र विसङ्गति रोक्दै सुशासनका लागि शुभकार्य प्रारम्भ भइसकेको छ । सरकारले राष्ट्र र जनताका हितलाई सर्वोपरि राखी काम गर्दै छ भन्ने सन्देश प्रवाह भएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200947**

## शैक्षिक सुधारमा आशाका सङ्केत

विक्रम संवत् २०८१ चैत २५ देखि आमशैक्षिक हडताल घोषणा गरी देशभरका सामुदायिक विद्यालयका शिक्षक काठमाडौँ भेला भएर शैक्षिक सडक आन्दोलन गरे । कतिसम्म भने उनीहरूले माध्यमिक शिक्षा परीक्षा (एसइई) को उत्तरपुस्तिकासमेत परीक्षण नगर्ने धम्की दिएपछि सर्वोच्च अदालतले आन्दोलनरत शिक्षकका जायज माग पूरा गरी तीन दिनभित्र स्कुल फर्काउने वातावरण सुनिश्चित गर्न सरकारको नाममा आदेश जारी गरेको थियो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200943**

## सशस्त्र प्रहरीलाई व्यावसायिक र दक्ष बनाउन सरकार प्रतिवद्ध छ : गृहमन्त्री गुरुङ

गृहमन्त्री सुधन गुरुङले सशस्त्र प्रहरी बल नेपाललाई थप सक्षम, विश्वसनीय र अब्बल सुरक्षा निकायको रूपमा स्थापित गर्न सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभएको छ । राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सञ्चालित ३० औँ सत्र सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै गृहमन्त्री गुरुङले यस्तो बताउनुभएको हो । उहाँले सशस्त्र प्रहरीले अङ्गीकार गरेको सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजश्व सहयोग र विपद् व्यवस्थापन अवधारणाले मुलुकको सुरक्षामा प्रभावकारी योगदान पुऱ्याएको विश्वास व्यक्त गर्नुभयो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/201024**

## प्रधानमन्त्री र अधिकांश मन्त्रीहरू करोडपति, अथाह सम्पत्ति

सरकारले प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आइतबार उहाँहरूको सम्पत्ति विवरण सार्वजनिक गरेको हो । सम्पत्ति विवरण हेर्दा प्रधानमन्त्री बालेन्द्र शाहलगायत अधिकांश मन्त्रीहरू करोडपति देखिएका छन् । अधिकांश मन्त्रीहरूको सम्पत्ति अथाह देखिएको छ । प्रधानमन्त्री बालेन्द्र शाहले आफ्नो बैंक ब्यालेन्स १ करोड ४६ लाख रुपियाँ रहेको खुलाउनुभएको छ । उहाँले आफ्नो सम्पत्तिको स्रोत सामाजिक सञ्जाललाई उल्लेख गर्नुभएको छ । पत्नी सविनाको नाममा १९० तोला सुन रहेको र प्राप्तिको स्रोत 'पैत्रिक' रहेको सम्पत्ति विवरणमा उल्लेख छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/13/763724/**

## प्रधानमन्त्रीलाई खुला पत्र

सर्वप्रथम त हालै सम्पन्न निर्वाचनमा तपाईंले प्राप्त गर्नुभएको ऐतिहासिक विजयका लागि हार्दिक बधाई व्यक्त गर्दछु । व्यापक जनमतसहित प्राप्त यो जनादेशले देशमा राजनीतिक स्थायित्व, सुशासन र भ्रष्टाचारमुक्त व्यवस्थाप्रति नयाँ आशा जगाएको छ । विशेषगरी प्रत्येक वर्ष लाखौं युवाहरू रोजगारी र शिक्षाका लागि विदेशिन बाध्य भइरहेको सन्दर्भमा नेपाललाई श्रम निर्यात होइन, सीप र दक्षता निर्यात गर्ने देशमा रूपान्तरण गर्ने सोच बोकेको तपाईंको नेतृत्वप्रति हाम्रो गहिरो अपेक्षा छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/13/763720/**

## विद्युत् बक्यौताको बाँकी किस्ता तिर्न उद्योगीलाई प्राधिकरणको पत्र

नयाँ सरकार गठनभएसँगै नेपाल विद्युत् प्राधिकरणले उद्योगीहरूलाई लोडसेडिङको समयमा डेडिकेटेड फिडर र ट्रंकबापत प्रयोग गरेको बिजुलीको प्रिमियम बक्यौता तिर्न पत्र काटेको छ। प्राधिकरणले गत शुक्रबार उद्योगलाई पत्राचार गर्दै किस्ता नतिरेको अवस्थामा 'विद्युत् संकलन विनियमावली २०७८' अनुसार कारबाही गर्ने चेतावनीसमेत दिएको छ। उक्त विनियमावलीमा महसुल नतिर्ने ग्राहकको लाइन काट्ने व्यवस्था छ। यही विनियमावलीअनुसार प्राधिकरणले यसअघि पनि बक्यौता नतिर्ने उद्योगको लाइन काटेको थियो। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192693/2026-04-13**

## निर्णायक तहमा महिलाको दरिलो कुर्सी

महिलाहरू जसरी उत्साहजनक रूपले राजनीति र प्रशासनको निर्णायक तहमा पुगेका छन्, सो अनुरूप नतिजा दिएर उदाहरण स्थापित गर्नु उत्तिकै चुनौतीपूर्ण छ। राज्यको केन्द्रीय तहमा मात्र होइनन्, दूरदराजका सरकारी संयन्त्रहरूमा पनि महिलाको वर्चस्व स्थापित गराउने प्रयास जारी नै रहनुपर्छ। राज्यको कानुन तथा नीति निर्माण गर्ने तहमा महिलाको उपस्थिति बाक्लिएसँगै राज्यको बागडोर महिलाको पहुँचमा पनि पुग्न थालेको छ। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/04/13/a-strong-seat-for-women-in-decision-making-positions-39-51.html**

## 'राजा महेन्द्रको गाउँ फर्क अभियानबाट प्रेरित भएर 'पहाड' बन्यो'

धेरै अघि राजा महेन्द्रको पालामा चलेको 'गाउँ फर्क अभियान' को टपिक मन परेर लेखिरहेका थियौं । अलिकति हाम्रो 'प्रब्लम्स'को कुरा गरौं भन्ने कुरा लिएर यो कन्सेप्ट सुरु गरेका हौं । नेपाली फिल्मको कथ्य परम्पराका एक 'पाठशाला' हुन् तुलसी घिमिरे । दृश्यभाषामा नेपाली समाज, संस्कृति र संवेदनालाई सरल र हृदयस्पर्शी ढंगले चित्रण गर्नु उनको खुबी हो । गाउँघरको परिवेश, पारिवारिक सम्बन्ध, माया, त्याग र पीडाको कथामार्फत उनी दर्शकसँग स्पर्श गर्छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1910247/inspired-by-king-mahendras-village-return-campaign-mountain-was-created**

## सुधनलाई रक्षाको प्रश्न- गरिब हुनु अपराध हो भन्न कति बेर लाग्ला ?

जेनजी अभियन्ता रक्षा बमले गृहमन्त्री सुधन गुरुङको अभिव्यक्तिलाई लिएर बेलैमा सच्चिन सुझाव दिएकी छन् । सरकारका प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरणबारे भइरहेको आलोचनाविरुद्ध गृहमन्त्री गुरुङले 'तिमी जन्मदै गरिब जन्मिनु त्यो तिम्रो गल्ती होइन, तिमी मर्दा गरिब मर्नु त्यो तिम्रो गल्ती हो' भनेर सामाजिक सञ्जालबाटै प्रतिक्रिया दिएका थिए । त्यही अभिव्यक्तिलाई लिएर जेनजी अभियन्ता बमले सामाजिक सञ्जालबाटै प्रश्न उठाएकी छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1910343/rakshas-question-to-sudhan-how-long-will-it-take-to-say-that-being-poor-is-a-crime**

## ६५ वर्ष नाघेका सचिवलाई निरन्तरता दिन कर्णालीका सभामुख नै सक्रिय

६५ वर्ष नाघिसकेका कर्णाली प्रदेश सभाका सचिव जीवराज बुढाथोकीलाई निरन्तरता दिन सभामुख नन्दा गुरुङ युद्धस्तरमा खटिएकी छन् । सचिव बुढाथोकीले उमेरहद पूरा भएको भन्दै चैत १६ गते नै सचिवालयका कर्मचारीहरूसँग राजीनामा दिने बताएका थिए । सभामुख गुरुङले नै काममा निरन्तरता दिने सोच बनाएपछि बुढाथोकी राजीनामाको मुडबाट 'यु-टर्न' भएका छन् । अहिले यही विषयमा कर्णाली प्रदेश सभाभित्र अन्योलता छाएको छ । सभामुख गुरुङ उमेरहद पूरा भएर बिदा हुन लागेका सचिवलाई किन निरन्तरता दिन चाहिरहेकी छन् भन्नेमा प्रदेश सभाका कर्मचारीदेखि सांसदहरू नै अचम्मित छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555272/karnali-speaker-is-active-in-providing-continuity-to-secretaries-who-are-over-65-years-old**

## राष्ट्रियसभामा जनजाति आयोगको प्रतिवेदन पेस

'आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८१/८२' को वार्षिक प्रतिवेदन राष्ट्रियसभा समक्ष पेस गरिएको छ । सभाको आजको बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सो प्रतिवेदन सभासमक्ष पेस गरेकी छन् । त्यसैगरी राष्ट्रियसभाको आजको बैठकले सभाका पूर्वसदस्य रामचन्द्र भट्टराईको निधनमा शोक प्रस्ताव पारित गरेको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/555245/report-of-the-tribal-affairs-commission-submitted-to-the-national-assembly-condolence-resolution-passed**

## प्रदर्शनीमा एरिनाको 'म'

कलाकार एरिना ताम्राकारका चित्रमा मातृशक्ति सधैं आँखा चिम्लिएर ध्यानमग्न हुन्थे । सन् २०२६ मा भने उहाँका चित्रले अनायासै आँखा खोलेका छन् । दरबारमार्गस्थित १०८ ग्यालरीमा अन्तर्राष्ट्रिय नारी दिवस मार्च ८ देखि 'म' शीर्षकमा उहाँको चित्रकला प्रदर्शनी भइरहेको छ । "प्रदर्शनीमा राखिएका चित्रकला कोर्ने क्रममा मनमा म शब्द फुर्‍यो," कलाकार ताम्राकारले भन्नुभयो, "म शब्दलाई नेपालमा प्रचलित लिपिको आकारमा ढाल्दा कलात्मक पनि देखियो । सधैं तेस्रो नेत्र खोल्नु पर्छ भन्ने भावको चित्र कोर्थें, जो ध्यानमग्न हुन्थे । यस पटक भने चित्र कोर्दा चित्रका आँखा आफैं खुल्न थाले, म पनि छक्क परें । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200933**

## विप्रेषणबाट थपिएका चुनौती

विदेशी मुलुकमा काम गरेर आर्जन गरेको पैसा स्वदेशमा पठाइन्छ भने त्यस्तो रकमलाई विप्रेषण भनिन्छ । विज्ञान र प्रविधि विकासले गर्दा अहिले विश्वै साँघुरिँदै गएको छ । एउटा देशको कुनै कुनामा रहेको व्यक्ति छोटो समयमै अन्य मुलुकमा कुनै न कुनै सन्दर्भमा पुग्न सक्छन् । यसरी नेपालबाट वैदेशिक रोजगारीका लागि जानेको सङ्ख्या ठुलो छ । यस्तो जनसङ्ख्या खास गरेर खाडी मुलुकमा गएको छ । खाडी देशमा मात्र जाने सङ्ख्या १८ लाखभन्दा बढी छ । कुल गार्हस्थ उत्पादनको २५ प्रतिशत विप्रेषणले ओगटेको अवस्था छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200938**

## मन्त्रीहरू कोसँग कति धन ?

बालेन्द्र शाह (बालेन)को नेतृत्वमा नयाँ सरकार बनेको १७ दिनमा प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिएको छ। आइतबार सार्वजनिक सम्पत्तिमा घरजग्गा, सेयर, सुनचाँदीका गरगहनादेखि पशुधनको विवरणसमेत छ। सबैजसो मन्त्रीको सम्पत्ति विवरण हेर्दा सुदृढ आर्थिक अवस्था देखिन्छ। भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०५९ को दफा ५० मा सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले ६० दिनभित्र र त्यसपछि हरेक नयाँ आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्तिको अद्यावधिक विवरण सरकारलाई पेश गर्नुपर्ने व्यवस्था छ। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192689/2026-04-13**

## निमन्त्रणापत्रमै 'दहेज मुक्त विवाह' लेख्नुपर्छ : उपसभामुख ठाकुर

उपसभामुख रुविकुमारी ठाकुरले विवाहको निमन्त्रणापत्रमै 'दहेज मुक्त विवाह' भन्ने स्पष्ट सन्देश समावेश गनुपर्ने बताएकी छिन् । सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले आफूले प्राप्त गरेका अधिकांश विवाहका कार्डहरूमा यस्तो उल्लेख नदेखिएको भन्दै  समाज अझै दाइजो प्रथाबाट पूर्णरूपमा मुक्त हुन नसकेको टिप्पणी गरेकी छन् । उनले लेखेकी छन् 'दाइजो लिनु वा दिनु मात्र होइन, दाइजोमा आधारित विवाहलाई स्वीकार गर्नु, त्यस्ता कार्यक्रममा सहभागी हुनु वा भोजग्रहण गर्नु समेत सामाजिक रूपमा अस्वीकार्य र कानुनी रूपमा दण्डनीय अभ्यास हो । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/04/16/dowry-free-marriage-should-be-written-in-the-invitation-letter-deputy-speaker-thakur-32-28.html**

## के सरकारले भनेझैं नेपाल 'बफर स्टेट' हो ?

सरकारले संसद्मा प्रतिनिधित्व गर्ने ६ वटा राजनीतिक दलका चुनावी घोषणापत्र, संकल्पपत्र र वाचापत्रहरूलाई समेटेर दुई दिनअघि 'राष्ट्रिय प्रतिबद्धतापत्र' को एउटा एकीकृत मस्यौदा सार्वजनिक गरेको छ । १० दिनभित्र सुझाव दिनका लागि भन्दै सार्वजनिक गरिएको उक्त दस्तावेजको बुँदा नम्बर १४ मा प्रयोग गरिएको एउटा शब्दावलीको राजनीतिक र कूटनीतिक वृत्तमा यतिबेला चर्चा भइरहेको छ– शब्द हो, 'बफर स्टेट' । दस्तावेजको 'अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति' शीर्षकको बुँदामा नेपाललाई 'बफर स्टेट' बाट 'भाइब्रेन्ट ब्रिज' को रूपमा रूपान्तरण गर्ने प्रस्ताव गरिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1911968/is-nepal-a-buffer-state-as-the-government-claims**

## उच्च मनोबलसाथ खटिन आईजीपी अर्यालको निर्देशन

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले देश र जनताप्रति हामीले दिने सेवा नै धर्म भएको बताउनुहुँदै सकारात्म सोच र उच्च मनोवलकासाथ सशस्त्र प्रहरी कर्मचारीहरुलाई कार्यक्षेत्रमा खटिन निर्देशन दिनुभएको छ । वैशाख २ गते सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुनिरटार चितवनको २२औँ स्थापना दिवसको अवसरमा महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी कर्मचारीहरुलाई विपदमा परेका नागरिकहरुको उद्धारमा खटिनुपूर्व आफु सुरक्षित रहि उद्धार कार्यमा खटिन समेत निर्देशन दिनुभएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201402**

## पुनर्संरचना बहसमा 'थिङ्क ट्याङ्क'

'थिङ्क ट्याङ्क' भन्नाले मूलतः सरकारले अवलम्बन गरेका र गर्नुपर्ने सार्वजनिक नीतिका विषयमा अनिर्देशित र स्वतन्त्र बहस, छलफल र चिन्तन मनन गर्ने मञ्च भन्ने बुझिन्छ । नेपाल सरकारको 'थिङ्क ट्याङ्क' ( नीति अनुसन्धान प्रतिष्ठान) मा आबद्ध भएर कार्यसम्पादन गर्दा आर्जित अनुभवको उपज हो यो । नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको विशेषज्ञ समूह (सरकारी 'थिङ्क ट्याङ्क') हो । यसले नेपाल सरकारले अवलम्बन गरेका वा गर्नुपर्ने नीतिलगायत समसामयिक राष्ट्रिय र अन्तर्राष्ट्रिय मामिलामा अध्ययन अनुसन्धान गरेर सरकारलाई सप्रमाण नीतिगत सुझाव सिफारिस गर्छ । यो प्रतिष्ठान नेपाल सरकारको सहयोगी हात, मस्तिष्क र तेस्रो आँखा पनि हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201390**

## जोसुकै भएपनि छाड्दिनँ, कानुन अध्ययन गर्दैछु : गृहमन्त्री

गृहमन्त्री सुधन गुरुङले आफूले सुरु गरेको हाइप्रोफाइल पक्राउ शृङ्खलामा अदालतले ब्रेक लगाइदिएपछि असन्तुष्टि व्यक्त गरेका छन् । बिहीबार मन्त्रालयमा पत्रकारहरूले उनलाई प्रश्न गरे, 'तपाईंको रफ्तार स्लो डाउन भएको हो ? 'जवाफमा मन्त्री गुरुङले हाँस्दै भने, 'खोइ त, अदालतले छाड्ने रहेछ ।' गृह मन्त्रालयमा पत्रकारहरूसँग पहिलोपटक छलफल गरेका मन्त्री गुरुङले पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न 'हतार' भएको स्वीकार गरेका छन् । उनले भने, 'रातभर नसुतीकन पक्राउ गरेका थियौँ, अन्त्यमा के भयो तपाइँहरूलाई थाहै छ ।'

**https://www.ratopati.com/story/557368/i-will-not-give-up-no-matter-who-it-is-i-am-studying-law-home-minister**

## प्रधानमन्त्रीको कार्यशैलीबाट मुख्यमन्त्रीहरू उत्साहितः 'सोचेभन्दा फरक र सकारात्मक संवाद'

सङ्घीयता कार्यान्वयनका जटिलता सुल्झाउने उद्देश्यले प्रधानमन्त्री वालेन्द्र शाहले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेशका मुख्यमन्त्रीहरूसँग करिब तीन घण्टा छलफल गर्नुभएको छ । छलफलका क्रममा मुख्यमन्त्रीहरूले प्रदेशगत रूपमा आफ्ना समस्या राख्नुभएको थियो । प्रधानमन्त्री शाहले मुख्यमन्त्रीका जिज्ञासा सुन्नेबित्तिकै थप स्पष्ट पार्न र समाधानका विकल्पबारे अन्तरक्रियात्मक शैलीमा छलफल गर्नुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201503**

## नयाँ स्वास्थ्यमन्त्रीले जनस्वास्थ्यमा गर्नुपर्ने दीर्घकालीन सुधार

सबैभन्दा महत्वपूर्ण विषयलाई सरकारले महत्वपूर्ण प्राथमिकतामा राख्न जरूरी छ । वातावरण प्रदूषण रोकी, हरेक गाउँ र शहरलाई सफा, स्वच्छ र प्रदूषणरहित बनाउन सरकारले विशेष ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । तीन दशकभन्दा लामो नैराश्यपछि नेपालले आशा गर्न लायक सरकार पाएको छ । सरकारका प्राथमिकताका विषय धेरै हुनसक्छन् तैपनि सबैभन्दा ठूलो प्राथमिकताको विषयमध्ये जनस्वास्थ्य र स्वास्थ्य प्रणाली रहोस् भन्ने कामना गर्दछु । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1912803/long-term-reforms-to-be-made-in-public-health-by-the-new-health-minister**

## सिंहदरबारभित्र भुर्रभुर्र

विभिन्न प्रजातिका रंगीचंगी फूलप्रति मानिसहरू आकर्षित हुन्छन् । फूलको सौन्दर्यले मानव जातिलाई मोहित नै बनाउँछ । फूलप्रति आकर्षित हुनु मानवीय स्वभाव नै हो । रंगीचंगी फूलहरूले मानिसलाई मात्रै होइन, किराफट्याङ्गादेखि लिएर चराचुरुङ्गी समेतलाई पनि आकर्षण गर्छ । फूलप्रति चराचुरुङ्गी आकर्षित हुनुका विविध कारण छन् । फूल चराहरूका लागि खाना, आकर्षण र सुरक्षित वातावरणको संयोजन हो । जसका कारण उनीहरू स्वाभाविक रूपमा फूलहरूप्रति मोहित हुन्छन् । देशकै मुख्य प्रशासनिक केन्द्र सिंहदरबारभित्र यतिखेर रंगीचंगी फूलहरू ढकमक्क फुलेको देख्न सकिन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1912571/birds-enjoying-the-singha-durbar-flower-garden-photos**

## १०० बढी नयाँ कानुन ल्याइँदै, मन्त्रालयहरू विधेयक निर्माणमा व्यस्त

सरकारले १०० बढी नयाँ ऐन निर्माण र संशोधन गर्न लागेको छ । यसका लागि विषय पहिचान गर्ने कार्य भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार १०३ वटा नयाँ ऐनका विषय र संशोधन गर्नुपर्ने ऐन पहिचान भएको छ । त्यसलाई प्राथमिकताका आधारमा अगाडि बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित २२ वटै मन्त्रालयले काम गरिरहेका छन् । ऐन निर्माणको ढाँचा र विधायन ऐन अनुसार प्रक्रिया पूरा भए/नभएको विषय कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले हेरिरहेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1912067/over-100-new-laws-being-introduced-ministries-busy-drafting-bills**

## गोरखामा लक्जरी हेरिटेज 'समिट होटल' बनाउँदै चौधरी ग्रुप

व्यावसायिक घराना चौधरी ग्रुप अन्तर्गतको सीजी हस्पिटालिटीले गोरखालाई अन्तर्राष्ट्रिय स्तरको लक्जरी पर्यटन गन्तव्यका रूपमा विकास गर्ने उद्देश्य सहित प्रख्यात लक्जरी हेरिटेज 'समिट होटल' को बिहीबार शिलान्यास गरेको छ । काठमाडौं उपत्यकाको चर्चित 'समिट होटल' बाट प्रेरित यस परियोजना आधुनिक सुविधा र नेपाली मौलिकता समेटिएको स्तरीय लक्जरी रिसोर्टका रूपमा विकास गरिने सीजी हस्पिटालिटीले जनाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1908947/chaudhary-group-building-luxury-heritage-summit-hotel-in-gorkha**

## Nepal's elite club of power

As the government made public the property details of Prime Minister Balendra (Balen) Shah and members of the Council of Ministers following a Cabinet decision yesterday evening, people have taken digs at the wealth that they have accumulated so far. The office stated that in compliance with Section 50 of the Prevention of Corruption Act, 2002, the prime minister and ministers had submitted their asset details. According to the section, public officials must provide their asset information to the designated body or officer within 60 days of taking office. बाँकी...
स्रोत : **https://thehimalayantimes.com/nepal/nepals-elite-club-of-power**

## सपनाको सर्वोच्च आरोहण

आमाबुबाले छोरीलाई भविष्यको शुभकामनास्वरूप होइन, आफ्नै निराशाको संकेतस्वरूप उनको नाम 'सपना' राखिदिएका थिए। उनीभन्दा पहिले परिवारमा दुई छोरीको जन्म भइसकेको थियो। तेस्रो सन्तानका रूपमा उनी गर्भमा हुँदै गर्दा परिवारले लामो प्रतीक्षापछि 'अब अवश्य छोरा हुनेछ' भन्ने आशा पालेको थियो। तर जब उनको जन्म भयो, उनी छोरा होइनन् भन्ने निधो भयो। परिवारले उनको त्यही नाम राख्यो, जसको अर्थ हुन्थ्यो कुनै त्यस्तो कुरा जो चाहेर पनि पाउन सकिँदैन- 'सपना'। बाँकी...
स्रोत : **https://ekantipur.com/feature/2026/04/16/the-highest-ascent-of-dreams-24-56.html**

## २०८२ ले दिएका सबक र २०८३ का सम्यक्हरू

परिस्थितिका कैयौं निर्मम चोटहरूसँगै केही गतिला सबक दिएर वि.सं. २०८२ हामी नेपालीमाझबाट बिदा भएको छ। सालहरू फेरिन्छन्। पात्रोका पानाहरू फेरिन्छन्। त्यो समयचक्र हो। तर वर्षहरू फेरिनु भनेको पात्रोका पानाहरू पल्टिनु मात्र होइन। सालका अङ्कहरू मात्र फेरिनु होइन। बरु नयाँ वर्षको सुरुवात भनेको विगतको वर्षले सिकाएका पाठहरू, त्यसले दिएका सबकहरूलाई हामीले कत्तिको अनुसरण गर्न सक्छौं ? मूल्याङ्कनको त्यो कसीमा पुरानो वर्षको समीक्षा अनि नयाँ वर्षका योजनाहरू निर्माण हुने गर्छन्। बाँकी... स्रोत : **https://www.ratopati.com/story/557435/lessons-from-2082-and-the-challenges-of-2083**

## सञ्चारमन्त्रीद्वारा मुद्रण केन्द्र निरीक्षण, २४ घण्टामा लाइसेन्स छपाइ सुरु

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. बिक्रम तिमिल्सिनाले काभ्रेको पनौती नगरपालिका-५ स्थित सुरक्षण मुद्रण केन्द्र पुगेर सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइको पछिल्लो अवस्थाबारे स्थलगत जानकारी लिनुभएको छ। केन्द्रको निरीक्षणका क्रममा सञ्चारमन्त्री डा. तिमिल्सिनाले अहिले सरकारले सार्वजनिक सेवा प्रवाह सुधारलाई प्राथमिकतामा राखेको अवस्थामा नागरिकले ट्रायल पास गरेको लामो समयसम्म लाइसेन्स नपाउने स्थितिको अन्त्य गर्न लागिएको बताउनुभयो। साथै ट्रायल पास गरेपछि राजस्व तिरेको २४ घण्टाभित्र लाइसेन्स छापी हस्तान्तरण गरिसक्ने व्यवस्था आजदेखि कार्यान्वयनमा आएको उहाँले जानकारी दिनुभयो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201578**

## दुर्गम क्षेत्रमा काम नगरे कर्मचारीको बढुवामा अवरोध

सरकारले अनिवार्य रूपमा दुर्गम क्षेत्रमा काम नगरे निजामती कर्मचारीको बढुवा नै नहुने गरी कर्मचारी दुर्गम क्षेत्रमा गएर काम गर्नुपर्ने बाध्यात्मक व्यवस्था लागु गर्ने तयारी गरेको छ । अहिले पहुँच भएका कतिपय कर्मचारी पाँचदेखि १० वर्षसम्म पनि सिंहदरबार र आसपासका कार्यालयमा बस्ने र पहुँचविहीन कर्मचारी दुर्गममै बस्न बाध्य हुनु परेको अवस्थाको अन्त्य गर्दै दुर्गम क्षेत्रमा अनिवार्य गएर सेवा गर्नुपर्ने कानुनी व्यवस्था गर्न लागेको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201558**

## जनक शिक्षालाई मानक संस्थामा स्थापित गर्ने लक्ष्य छ

सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले सरकारी शिक्षा निकायले विकास गरेका पाठ्यक्रमका पुस्तक छाप्दै आएको छ। केन्द्रले निर्वाचनका लागि आवश्यक पर्ने मतपत्रसहित अन्य सामग्री पनि छपाइ गरिरहेको छ । भर्खरै सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा प्रयोग गरिएका सम्पूर्ण मतपत्र छपाइको दबाबलाई समेत व्यवस्थापन गरेर जनक शिक्षाले विद्यालय तहका आवश्यक पर्ने पुस्तक छापेर सम्बन्धित जिल्लामा पुऱ्याइसकेको छ। केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलसँग पछिल्ला गतिविधिका विषयमा गोरखापत्रका सूर्यप्रसाद पाण्डेले गर्नुभएको कुराकानीको सम्पादित अंश । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201557**

## संविधान संशोधनका लागि गहन छलफलमा कार्यदल

संविधान संशोधनका लागि बहसपत्र तयार गर्न वर्तमान सरकारले गठन गरेको कार्यदलले काम सुरु गरिरहँदा संविधानविद् एवं संविधान निर्माणका क्रममा सक्रिय राजनीतिज्ञले संशोधन प्रक्रिया जटिल र कठोर रहेकाले गम्भीर चेतका साथ प्रक्रिया अगाडि बढाउनुपर्ने सुझाव दिएका छन्। गठन भएको भोलिपल्टै चैत १४ गते सरकारले सयबुँदे कार्यसूची सार्वजनिक गऱ्यो। सो कार्यसूचीमा दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधारका लागि कार्यदल गठन गर्ने भनिएबमोजिम चैत १६ गतेको मन्त्रीपरिषद् बैठकले कार्यदलको संयोजक तोक्यो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201516**

## कार्यभार दण्डहीनता अन्त्य

भारी राजनीतिक उलटफेरपछि पूर्ण बहुमतसहित गठन भएको वालेन्द्र शाह नेतृत्वको सरकारप्रति आमजनतामा एउटा साझा अपेक्षा देखिएको छ, 'केही गरोस् ।' यो अपेक्षा केवल सामान्य आशा होइन; यो नेपाली जनताको लामो राजनीतिक अनुभव, निराशा, सङ्घर्ष र परिवर्तनको चाहनाबाट जन्मिएको सामूहिक भावना हो । 'केही गरोस्' भन्ने वाक्यांशको अर्थ सतही रूपमा बुझ्न मिल्दैन । यसभित्र जनताको गहिरो पीडा, आकाङ्क्षा र स्पष्ट सन्देश समेटिएका छन्; जसलाई सूक्ष्म रूपमा विश्लेषण गर्नु आवश्यक छ । सत्तारूढ दलभित्रको आन्तरिक द्वन्द्व नेपालमा सरकार असफल हुने प्रमुख कारणमध्ये एक रहँदै आएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201536**

## निजामतीमा सेवा केन्द्रित प्रणाली

निजामती सेवा राज्यको मेरुदण्ड हो । यो कुरो हामीले बारम्बार दोहोऱ्याउँदै आएका छौँ । विशेष गरी निजामती सेवा ऐन र नियमावलीको परिपालनामार्फत चलेको हुन्छ । निजामती सेवा ऐन संसद्बाट स्वीकृत हुनु पर्छ भने नियमावली नेपाल सरकारले ऐनको परिधिमा रहेर निर्माण गरी स्वीकृत गरेको हुन्छ । यथार्थमा, हाम्रो निजामती सेवा आफ्नो मूल उद्देश्य, गुणस्तरीय, छिटो र नागरिकमैत्री सेवा प्रवाहबाट क्रमशः विचलित हुँदै गएको देखिन्छ । सेवा प्रवाहमा ढिलासुस्ती, प्रक्रियामुखी जटिलता र परिणामहीनता बढ्दै जानु संयोग होइन; यो संरचनागत समस्याको प्रतिफल हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201534**

## कृषि क्षेत्रले चाहेको विकास

नेपाल कृषि प्रधान देश हो । यो भनाइ केवल पाठ्यपुस्तकको वाक्य होइन, समाजको वास्तविक अनुहार हो । देशका ६० प्रतिशतभन्दा बढी नागरिक प्रत्यक्ष रूपमा कृषि पेसामा आबद्ध छन् । कुल गार्हस्थ उत्पादनमा करिब २४ प्रतिशत योगदान यसै क्षेत्रबाट आउँछ । पुर्खौंदेखि निरन्तर अभ्यासमा रहेको यो पेसाले नेपाली किसानलाई औपचारिक तालिमबिना पनि अनुभवजन्य दक्षता प्रदान गरेको छ । उर्वर माटो, विविध हावापानी, प्रशस्त जलस्रोत र बहुआयामिक भूगोलले नेपाललाई कृषि उत्पादनका लागि सम्भावनाले भरिएको देश बनाएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201385**

## अर्थतन्त्र उकास्ने आधार

विसं २०१७ मा जनकपुर चुरोट कारखाना स्थापना गर्न स्थानीयवासीको ३३.५ बिघा जग्गा अधिकरण गरियो । २०१९ मङ्सिर ८ गतेदेखि रुस सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा कारखाना निर्माण कार्य सुरु भयो । २०२१ सालमा उद्घाटन भई यस कारखानाले उत्पादन गर्न सुरु गऱ्यो । देशभर १०५ वटा शाखामा करिब तीन हजार स्थायी कर्मचारी र तीन हजारभन्दा बढी अन्य व्यक्ति काम गर्थे । तीन अरबसम्म चुरोटको खिल्ली उत्पादन गरी देश र विदेशमा बिक्री हुन्थ्यो । चुरोट बनाउन करिब चार करोड रुपियाँको सुर्ती पात विभिन्न जिल्लाका कृषकबाट किनिन्थ्यो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201379**

## समृद्धिको प्रस्थानविन्दु

एक्काइसौँ शताब्दीको विश्व राजनीति र अर्थतन्त्र अब परम्परागत भूमि, श्रम र पुँजीको घेरामा मात्र सीमित रहेन । सूचना प्रविधिको चौथो औद्योगिक क्रान्तिले भूगोलको सीमालाई मात्र मेटाएको छैन, विकासको परिभाषालाई नै पुनर्गठित गरिदिएको छ । आजको युगमा कुनै पनि राष्ट्रको सामर्थ्य त्यस देशसँग भएको प्राकृतिक स्रोतले भन्दा पनि त्यस देशका नागरिकसँग भएको 'डिजिटल दक्षता' ले मापन गर्न थालिएको छ । वर्तमान सरकारले अघि सारेको शासकीय सुधारको कार्ययोजना र 'सरकारका सय दिनका प्राथमिकता' मा 'डिजिटल' साक्षरतालाई केवल प्राविधिक विषयका रूपमा मात्र नभई सुशासन र आर्थिक समृद्धिको मेरुदण्डका रूपमा स्विकारिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201088**

## फराकिलो करको दायरा

राष्ट्रिय स्वतन्त्र पार्टीले गत २१ फागुन २०८२ को आमनिर्वाचनबाट स्पष्ट बहुमत प्राप्त गरेको छ । युवा नेतृत्वको यो जितसँगै पार्टीले चुनावको समयमा जारी गरेको 'नागरिक करार' मार्फत डिजिटल सुशासन, सात प्रतिशत आर्थिक वृद्धिसँगै अर्थतन्त्रको आकारमा समेत वृद्धि र युवालाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउने वाचा पूरा गर्नुपर्ने समय आएको । वाचा पूरा गर्न सबैभन्दा ठूलो चुनौती भनेको राजस्व सङ्कलन गर्नु रहेको छ । नेपालको कर जिडिपी अनुपात दक्षिण एसियामै उच्च छ र यसको अनुपात गत आर्थिक वर्ष २०८२/८३ मा करिब २० प्रतिशत पुगेको छ । यस अवस्थालाई सरसर्ती कागजमा हेर्दा राम्रै लागे पनि वास्तविकता भने चिन्ताजनक छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/201083**

## लहानमा क्रिकेट रंगशाला निर्माण सुरु

लहान नगरपालिका-४ स्थित खुटी नदीको दक्षिणी भागमा रहेको खाली ठूलो मैदानमा 'यज्ञभूमि क्रिकेट रंगशाला' निर्माण कार्य सुरु भएको छ । लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरी, प्रमुख प्रशासकीय अधिकृत जयकान्त झा, इन्जिनियर अनिक यादव र विनोद यादवले बिहीबार सामूहिक रूपमा भूमि पूजा गर्दै निर्माण कार्यको शुभारम्भ गर्नुभएको हो । सञ्जय जेसी-तनिक्षा जेभी, काठमाडौँले बिना भ्याट चार करोड ९२ लाख ६५ हजार ६८२ रुपियाँमा २०८३ चैत २३ गतेसम्म सम्पन्न गर्ने गरी ठेक्का लिएको छ । उक्त योजनाको सम्झौता २०८२ चैत २३ गते भएको थियो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201532**

## महिनावारी हुनु गर्वको कुरो, पाप र अपराध होइन, मातृत्व क्षमताको पहिचान पनि हो : मन्त्री भुसाल

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले महिनावारी महिलाको मातृत्व क्षमताको पहिचान भएको बताउनुभएको छ । अन्तर्राष्ट्रिय महिनावारी दिवसका अवसरमा एक्पोज नेपालले आज यहाँ आयोजना गरेको जनचेतनामूलक साइकल यात्रा समापन गर्दै उहाँले विगतमा जनचेतना नहुँदा महिलाले विभेद भोग्नुपरेको उल्लेख गर्नुभयो । मन्त्री भुसालले महिलाको स्वास्थ्यमा सबै तहका सरकारले ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । "महिलाको जैविक बनावटको सम्मान गरौँ, महिला स्वाथ्यका विषयमा सङ्घ, प्रदेश र स्थानीय सरकारको सहकार्य आवश्यक छ", उहाँले भन्नुभयो, "यो गर्वको कुरो हो तर पाप र अपराध होइन, महिलाको मातृत्व क्षमताको पहिचान हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/14228**

## सरकारको प्रतिबद्धता : १५ लाख नयाँ रोजगारी, एक खर्बको अर्थतन्त्र

सरकारले पाँच वर्षभित्र १५ लाख नयाँ रोजगारी सिर्जना गर्ने र मुलुकको अर्थतन्त्रलाई १ खर्ब डलर पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्यसहितको प्रतिबद्धतापत्रको मस्यौदा सार्वजनिक गरेको छ। सोमबार सार्वजनिक उक्त मस्यौदामा आगामी पाँच वर्षमा औसत ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्दै नेपालीको प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर पुऱ्याउने लक्ष्य पनि राखिएको छ। यसबाट नेपाल मध्यम आय भएको मुलुकका दरिने पनि मस्यौदामा भनिएको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/04/15/government-commitment-15-million-new-jobs-a-trillion-dollar-economy-03-51.html**

## धनी सरकारसँगका अपेक्षा

रामायणमा एउटा प्रसङ्ग छ- राजा, मन्त्री र गुरुले धन संग्रह गर्न हुँदैन । राजाले धन संग्रह गरेमा जनता गरिब हुन्छन् र साथसाथै देश नै गरिब हुन्छ । मन्त्रीले धन संग्रह गरेमा भ्रष्टाचार मौलाउँछ र मुलुकमा अराजकता बढ्छ । गुरु वा शिक्षकहरूले धन संग्रह गर्न थाले भने शिक्षाको मूल्यमान्यतामा ह्रास आउँछ । शिक्षामा ह्रास आएपछि समाजमा मूर्खहरूको प्रभाव विस्तार हुन्छ । सारमा भन्नुपर्दा शासन गर्ने भनेको स्वच्छ, इमानदार, धनको लोभ नभएका र जनताप्रति सेवा भाव भएकाले हो । बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/04/438818/**

## सन्तानको आशमा पोखरीमा डुबुल्की मार्नेको घुइँचो

सिरहा-सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका वडा नम्बर ४ मा रहेको ऐतिहासिक तथा धार्मिक महत्वको हरिसिंह देव मन्दिरमा भाकल गरी पोखरीमा नुहाएर पूजा गर्दा मनोकामना पुरा हुने जनविश्वास छ । यहि जनविश्वासका आधारमा पोखरीमा नुहाउने तथा डुवुल्की मारेर पाखरीभित्रका शङ्खे किरा, माछा, सर्प, माटो, ढुंगा घर लैजाने गरिन्छ । विशेषगरी सन्तान नभएका दम्पती सन्तान प्राप्तीका लागि यहाँ आउने गरेको पतारी गाउपालिका ४ का वडाअध्यक्ष समेत रहेका ५५ वर्षीय हनुमान मण्डल बताउँछन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/41007/news**

## ओझेलमा सम्भावित तामाखानी

उदयपुरगढी गाउँपालिकाको घ्याम्पाथुम्का सम्भावित तामा, फलाम र सुनखानी रहे पनि ओझेलमा परेको भन्दै विस्तृत अनुसन्धान गर्न स्थानीय एक युवतीले माग गरेकी छन् । उदयपुरगढी-६ की सामाजिक कार्यकर्ता रमा मगरले लगभग चार दशकअघि नै तामाखानी पत्ता लागिसकेको उदयपुरगढी ४ र ५ नं सीमास्थित घ्याम्पेथुम्कामा बहुमूल्य खनिजको अनुसन्धान गर्न सरकारसँग माग गरेकी हुन् । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/others/potential-copper-mine-in-the-shadows-37-64.html**

## मिचेको जग्गा तथा अचल सम्पत्ति ३५ दिनभित्र खाली गर्न त्रिविको निर्देशन

त्रिभुवन विश्वविद्यालयले आफ्नो जग्गा फिर्ता ल्याउने प्रक्रिया सुरु गरेको छ । अरुले मिचेको जग्गा तथा अचल सम्पत्ति ३५ दिनभित्र खाली गर्न भनेको छ । 'नेपाल सरकार लगायत दाताहरूले त्रिभुवन विश्वविद्यालयको शैक्षिक उन्नयनका लागि विभिन्न समय र अवस्थामा विश्वविद्यालयलाई भोगाधिकारका लागि उपलब्ध गराएका उक्त जग्गा तथा अचल सम्पत्तिहरू यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र खाली गरी/गराई त्रिभुवन विश्वविद्यालयलाई आधिकारिक रूपमा फिर्ता गर्नु/गराउनू,' त्रिविले जारी गरेको सूचनामा भनिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1912944/tu-directs-to-vacate-encroached-land-and-immovable-property-within-35-days**

## संसद्का १२ समितिका सभापति चयन हुँदै

सङ्घीय संसद्का १२ वटा विषयगत समितिका सभापति चयन गर्न आज समितिका बैठक हुँदैछन् । प्रतिनिधिसभाका एकल १० र संयुक्त (प्रतिनिधिसभा र राष्ट्रियसभा) दुई गरी १२ समितिका सभापतिको निर्वाचन हुन लागेको हो । प्रतिनिधिसभाको अर्थसमितिको सभापतिमा डा कृष्णहरि बुढाथोकी, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सुम्निमा उदास, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा रहवर अन्सारी, कानुन, न्याय तथा मानव अधिकार समितिको सभापतिमा समीक्षा बास्कोटा, राज्यव्यवस्था तथा सुशासन समितिको सभापतिमा हरि ढकाल र सार्वजनिक लेखासमितिको सभापतिमा भरतबहादुर खड्काको मनोनयन दर्ता भएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201610**

## कानुन बदल्ने अठोट

भ्रष्टाचार निर्मूल गर्नु जटिल विषय हो । रास्वपाको वाचापत्रमा गरिएको अठोट भएकाले वालेन्द्र शाह नेतृत्वको सरकारले भ्रष्टाचार निर्मूल गर्नुपर्ने छ । साना साना कार्यालयदेखि नीतिगत रूपमा हुने भ्रष्टाचारसमेत नियन्त्रण गर्नुपर्ने हुन्छ । नियन्त्रणको क्रम अगाडि बढाए मात्र निर्मूल हुन जान्छ । स्थानीय तहदेखि सङ्घीय सरकारसम्मको कर्मचारीतन्त्रको व्याप्त भ्रष्टाचारमा हस्तक्षेप गर्न आवश्यक छ । आजसम्म बद्मासी गर्ने कर्मचारीलाई सेवाबाट हटाउन विगतमा सरकारको नेतृत्व गरेका दलले सकेनन् । अपवाद कसैलाई हटाएमा पनि अदालतले पुनर्बहाली गरिदिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201848**

## नैतिकताको मृगतृष्णा

राज्यले विद्यालय तहको पाठ्यक्रममा 'नैतिक शिक्षा' पुनः समावेश गर्ने निर्णय गरेको छ । यो 'असल कुरा' सुन्दा जति मनमोहक र आशावादी लाग्छ, यसको कार्यान्वयनको धरातल र विगतको अनुभव हेर्दा त्यति नै संशयपूर्ण छ । केवल एउटा पाठ्यपुस्तकको भारी थपेर वा वार्षिक परीक्षामा केही सैद्धान्तिक प्रश्नको उत्तर लेख्न लगाएर विद्यार्थीलाई 'नैतिकवान्' बनाउन सकिन्छ भन्ने सोच आफैँमा एकाङ्गी र सतही छ । विगतको एउटा तितो यथार्थ पोखौँ । कक्षा ९ को वार्षिक परीक्षामा "बालविवाह सामाजिक अपराध हो र यसले शारीरिक विकास एवं पारिवारिक जिम्मेवारी वहनमा अवरोध पुऱ्याउँछ" भनी उत्कृष्ट उत्तर लेखेर विशिष्ट अङ्क प्राप्त गर्ने विद्यार्थी कक्षा १० मा पुगेपछि सहपाठी लिएर घरबाट भागेको थियो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201846**

## गण्डकीका मुख्यमन्त्रीले प्रधानमन्त्रीसँग उठाएका ४ सवाल के-के हुन् ?

संविधान प्रदत्त अधिकार माग्दामाग्दै प्रदेश सरकारहरू थकित भएका छन् । हरेक प्रदेशले आफ्नो प्रदेश समन्वय परिषद् र विकास समस्या समाधान समितिको बैठकमा गर्ने निर्णयहरू लगभग उस्ताउस्तै छन् । जग्गा प्राप्ति, प्रहरी समायोजन, कर्मचारी ऐन, शिक्षा ऐन लगायतको माग गर्न थालेको प्रदेश स्थापना भएदेखि नै हो ।, संविधानले यी सबै अधिकार प्रदेशलाई दिएको छ, तर त्यसका लागि आवश्यक कानुन सङ्घले बनाइदिनुपर्छ । सङ्घको कानुनका आधारमा प्रदेशले आफू अनुकूल कानुन बनाउँछन् र कार्यान्वयन हुन थाल्छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/557487/what-are-the-4-questions-raised-by-the-chief-minister-of-gandaki-to-the-prime-minister**

## चिहान मात्रै होइन ताजमहल

सबेरै उठी वृन्दावनको अटल्लाचुङ्गी तिराहाबाट अटोरिक्सा चढेर 'मथुरा न्यु बस स्ट्यान्ड' पुगियो । तै आगरा जाने बस लागेको रहेछ । २०८२ मङ्सिर २ गतेको कुरो हो । ठिक ६:३० बजे बस हिँडिहाल्यो । ५८ किलोमिटरको यात्रा करिब डेढ घण्टामै पूरा भयो । 'आगरा' ओर्लन पाएको छैन, 'ताजमहल' भट्याउँदै आउनेहरू बग्रेल्ती हुँदा रहेछन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/index.php/news/201725**

## कठघरामा सङ्ग्रहालय

इतिहास न अनुमानशास्त्र हो, न त वस्तुनिष्ठ सत्य । वस्तुतः सत्यको निकट पुग्ने प्रयास नै इतिहासको दार्शनिकता हो । अभिलिखित शिलालेख, ऐतिहासिक दस्ताबेज, सभ्यताका भग्नावशेष, मूर्ति प्रतिमा, मुद्रा, मिथक-अनुश्रुतिलगायत मूर्त-अमूर्त पुरातात्त्विक तथा ऐतिहासिक सम्पदा नै इतिहास लेखनका आधार र उपकरण हुन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/201743**

## जहाँ भावना सुसेली खेल्छन् . .

नेपालको एक कुनो यस्तो छ, जहाँ भावनाहरू लुकाइँदैनन् गाइन्छन् । जहाँ संस्कृति देखाइँदैन जिइन्छ। जहाँ प्रत्येक साँझले एक प्रकारको शान्त जादु बोकेको हुन्छ, जसले मनको गहिराइलाई स्पर्श गर्छ । त्यो ठाउँ हो सुदूरपश्चिम । यो त्यस्तो गन्तव्य होइन जसले ध्यान खिच्न ठूलो आवाज निकाल्छ । यो भिडभाड वा व्यापारिक आकर्षणसँग प्रतिस्पर्धा गर्दैन । बरु, यो शान्त, धैर्यवान् रूपमा पर्खिरहन्छ जस्तो कुनै कथा, जुन सुन्ने सही मनको प्रतीक्षामा छ । बाँकी... स्रोत : **https://annapurnapost.com/story/498254/**

## सभ्यताको सान, विश्वमा नेपालको पहिचान

पर्यटकमार्फत देशलाई विश्वभर चिनाउन र देशको गौरव बढाउन देशको संस्कृति र सम्पदा नै प्रमुख माध्यम बन्ने हुँदा यसको संरक्षण र संवर्द्धनलाई प्रमुख प्राथमिकतामा राख्नुपर्छ । सम्पदा भन्नाले प्रकृति स्वयंले निर्माण गरेको अथवा मानवनिर्मित कुनै पनि कलात्मक भौतिक संरचना, कला, ऐतिहासिक, सांस्कृतिक र वातावरणीय महत्त्व राख्ने कुनै पनि वस्तु वा स्रोत भन्ने बुझिन्छ। प्रज्ञा बृहत् नेपाली शब्दकोशमा सम्पदालाई (१) प्राकृतिक सम्पत्ति वा साधन; प्राकृतिक देन (२) सम्पत्ति; वैभव; धन भनेर परिभाषित गरिएको छ । बाँकी... स्रोत : **https://annapurnapost.com/story/498262/**

## विश्व चिनाउने नेपालका अद्भुत सम्पत्ति

अप्रिल १८ अर्थात् आज, विश्वभर 'विश्व सम्पदा दिवस' । मानव सभ्यताका अमूल्य चिनारी र प्रकृतिका अनुपम उपहारलाई संरक्षण गर्न साझा संकल्प गर्ने दिन। वर्षमा एउटा यस्तो दिन आउँछ, जसले हामीलाई हाम्रा ऐतिहासिक तथा प्राकृतिक धरोहरको महत्त्वबोध गराउँछ । भौतिक विकासको तीव्र दौडमा अघि बढिरहेको वर्तमान विश्व अनि प्राचीन सम्पदाहरूको संरक्षण र दिगोपन सुनिश्चित गर्नुपर्ने हाम्रो दायित्व। 'भाइसे-भर्सा' बनेर उभिएका यी दुईलाई सन्तुलित बनाउँदै अघि बढ्नु आजको सबैभन्दा ठूलो अनि अत्यन्त गम्भीर चुनौती हो । बाँकी... स्रोत : **https://annapurnapost.com/story/498264/**

## विभेदको घाउ, राज्यको मलम

दलित समुदायको सशक्तीकरणका लागि सरकारले पर्याप्त बजेट तथा योजना अघि सारेन भने माफी माग्नुको कुनै औचित्य हुनेछैन । २०४६ सालको जनआन्दोलनले एकदलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था स्थापित गर्‍यो । नेपाल अधिराज्यको संविधान २०४७ घोषणा भई संविधानको धारा ११ मा कानुनका दृष्टिमा सबै नागरिक समान हुने र जातका आधारमा नागरिकबीच विभेद गर्न नपाइने व्यवस्था गरियो । संविधानलाई व्यवहारमा लागू गर्ने सन्दर्भमा राज्यले छुवाछुत र भेदभावसम्बन्धी मुद्दालाई सरकारवादी बनायो । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/498306/**

## तातोपानी कुण्डमा स्नान गर्नेको भिड

म्याग्दीको बेनी नगरपालिका-४, सिङ्गा तातोपानीमा स्नान गर्नेको भीड बढेको छ । जाडो मौसम सुरु भएसँगै तातोपानी कुण्डमा स्नान गर्नेको भीड बढेको हो । तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीले दसैँ लगत्तै तातोपानीमा नुहाउन आउनेको सङ्ख्यामा वृद्धि भएको बताउनुभयो । हरेक वर्ष यहाँ हजारौँ बिरामी आउने गर्दछन् । तातोपानीमा नुहाउँदा बाथ, युरिकएसिड, ग्यास्ट्रिक गानोगोला लगायतका रोगहरू निको हुने हुँदा बिरामीहरू आउने गरेको सचिव केसीले बताउनुभयो । अघिल्लो वर्षहरूमा दसैँ लगत्तै बिरामी आउने गरेकामा यस वर्ष एकै पटक धेरै बिरामी आउँदा व्यवस्थापनमा केही कठिनाइ भएको उहाँको भनाइ छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/index.php/news/83653**

## यी हुन् १२ वटा संसदीय समितिका नवनिर्वाचित सभापति

संघीय संसद्अन्तर्गतका संसदीय समितिहरूले पूर्णता पाएका छन् । शुक्रबार १२ वटा संसदीय समितिले सभापति चयन गरेसँगै पूर्णता पाएको हो । शुक्रबार भएको निर्वाचनबाट १० वटा समितिमा सर्वसम्मत सभापति चयन भए । दुई वटामा भने निर्वाचन भयो । राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकाल सर्वसम्मत निर्वाचन भए । कानुन न्याय तथा मानवअधिकार समिति सभापतिमा रास्वपाकी सांसद समीक्षा बास्कोटा सर्वसम्मत निर्वाचित भएकी छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1913036/these-are-the-newly-elected-chairmen-of-12-parliamentary-committees**

## प्रधानमन्त्री शाहले पाए अवहेलना मुद्दामा वारेसको अनुमति

सर्वोच्च अदालतले प्रधानमन्त्री बालेन शाहलाई अदालतको अवहेलना सम्बन्धी मुद्दामा वारेस राख्ने सुविधा दिएको छ । न्यायाधीशहरू हरि फुयाल र शान्तिसिंह थापाको इजलासले शाहलाई अवेहलना मुद्दामा तारिख खेप्न वारेसको सुविधा दिएको हो । अब मुद्दाको तारेखको दिन प्रधानमन्त्री शाहको साटो उनका वारेस गएर पनि तारिख लिन पाउनेछन् । यसअघि सर्वोच्च अदालतले शाहलाई यस्तो सुविधा दिएको थिएन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1913029/prime-minister-shah-gets-permission-to-appeal-contempt-case**

## नयाँ सरकार, नयाँ अवसर

बालेन्द्र शाहको नेतृत्वमा रहेको नयाँ सरकारले प्रणालीलाई तीव्र र उग्र तरिकाले हल्लाइरहेको छ। गत भदौ २३ र २४ को विद्रोहपछिको पहिलो चुनावयता नयाँ प्रधानमन्त्री बालेन्द्र शाह र उनको मन्त्रिपरिषद्ले पदभार ग्रहण गरेको २४ घण्टाभन्दा कम समयमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेको थियो। गत वर्ष प्रदर्शनकारीमाथि भएको घातक दमनमा संलग्न भएको आरोपमा दुबैलाई पक्राउ गरिएको थियो, जसमा ७७ जनाको मृत्यु भएको थियो र धेरै घाइते भएका थिए। बाँकी...

स्रोत : **[https://nagariknews.nagariknetwork.com/opinion/new-government-new-opportunities-br-98-37.html?click_from=just_in](https://nagariknews.nagariknetwork.com/opinion/new-government-new-opportunities-br-98-37.html?click_from=just_in)**

## सरकारको खारेज गर्ने सूचीका कर्मचारी युनियन उल्टै माग लिएर मन्त्रालय हाजिर

बालेन्द्र शाह नेतृत्वको सरकारले पहिलो मन्त्रिपरिषद् बैठकबाट शासकीय सुधारका १०० कार्यसूची सार्वजनिक गऱ्यो। यो कार्यसूचीको १२ औं नम्बरमा सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गर्ने उल्लेख छ। दलीय ट्रेड युनियनले आवञ्छित हस्तक्षेप गरेको र अनौपचारिक दबाब दिएको भन्दै युनियन खारेज गर्ने घोषणा गरेको थियो। बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/04/1912984/employees-unions-on-governments-cancellation-list-appear-at-ministry-with-demands](https://www.onlinekhabar.com/2026/04/1912984/employees-unions-on-governments-cancellation-list-appear-at-ministry-with-demands)**

## अध्ययन बिदामा गएका प्राध्यापक नफर्किंदा त्रिविलाई दुई अर्ब नोक्सानी, फिर्ता गर्न थाले तलबभत्ता

अध्ययन बिदामा गएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापक नफर्किंदा रु दुई अर्ब बढीको नोक्सानी भएको छ। त्रिविको नियमअनुसार शिक्षक-कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउने प्रावधान छ। विश्वविद्यालयले योग्य, दक्षा र अनुसन्धानमैत्री प्राज्ञिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले तलबसहित अध्ययन बिदा दिने गरेको हो। बाँकी...

स्रोत : **[https://aarthiknews.com/story/119978/](https://aarthiknews.com/story/119978/)**

## वसन्तयामको धवलागिरि हिमाल आरोहण सुरु, पहिलो दिन ९ जना पुगे चुचुरोमा

धवलागिरि हिमालमा चालु वसन्तयामको आरोहण सुरुआत भएको छ। धवलागिरि गाउँपालिका-४ स्थित विश्वको सातौं धवलागिरि हिमालको उचाइ आठ हजार १६७ मिटर छ। बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/04/1913881/dhaulagiri-mountain-climbing-begins-in-spring-9-people-reach-the-peak-on-the-first-day](https://www.onlinekhabar.com/2026/04/1913881/dhaulagiri-mountain-climbing-begins-in-spring-9-people-reach-the-peak-on-the-first-day)**

## कांग्रेसको अबको बाटो साङ्गठनिक र वैचारिक एकता

नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनपछि उत्पन्न द्विपक्षीय विवाद निरूपण भएपछि १५ औं महाधिवेशनका सन्दर्भमा बहस आरम्भ भएको छ। सर्वोच्च अदालतले शुक्रबार दिएको आदेशमा विशेष महाधिवेशनबाट सभापति गगनकुमार थापाको नेतृत्वमा निर्वाचित केन्द्रीय कार्यसमितिले आधिकारिकता प्राप्त गरेपछि कांग्रेसका सम्पूर्ण पार्टीपङ्क्ति १५ औं महाधिवेशनउन्मुख भएको हो। बाँकी...

स्रोत : **[https://gorkhapatraonline.com/news/201819](https://gorkhapatraonline.com/news/201819)**